निर्णय नं १

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को विनियोजन ऐन २०८१ संशोधन गर्न आवस्यक भएको हुनाले निम्नानुसार विनियोजन ऐन २०८१ लाइ संशोधन गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

संशोधित विनियोजन ऐन २०८१

प्रस्तावनाः

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन बनेको विनियोजन ऐन २०८१ सशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम धनकुटा नगरपालिकाको तेह्रौं नगर सभाले विनियोजन ऐन २०८० को संशोधन गरी यो संशेधित विनियोजन ऐन २०८१ बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस ऐनको नाम "धनकुटा नगरपालिकाको सशोधित विनियोजन ऐन २०८१ रहेको छ ।

२. यो ऐन नगर सभाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१. आर्थिक वर्ष **२०८१/०८२** का लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,२६,५२,१३,०००/-(रु. एक अरब छबिस करोड बाउन्न लाख तेह्र हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

१. यस सशोधित विनियोजन ऐनद्धारा गत सभावाट सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम र योजनालाइ आर्थिक वर्ष २०८१/०८२ को निमित्त धनकुटा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले प्रवाह गर्ने सेवा र कार्यहरुको निमित्त संशोधन गरी विनियोजन गरिएको छ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वा कुनै शीर्षकमा विनियोजन भएको रकम खर्च हुन नसकि अन्य शीर्षकमा भएको विनियोजन र नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गरी भएको विनियोजनलाइ नियमित गर्न सशोधित विनियोजन ऐन तयार गरी पेश गरिएको छ। यसरी शीर्षकान्तर गर्दा एक शीर्षकबाट अर्को कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गरिएको छैन । उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकम रकमान्तर र शीर्षकान्तर र योजनाको सशोधन स्वीकृत गरिएको छ ।

३. गत नगरसभावाट पारित विनियोजन ऐनमा समावेस नभएका संघिय सरकारबाट रु. १४२६९००००/- (चौध करोड छबिस लाख नब्बे हजार मात्र) रकम अन्तर सरकारी हस्तान्तरण मार्फत थप प्राप्त भएका कार्यक्रमहरु समावेश गरी विनियोजन ऐन सशोधन स्वीकृतीका लागि पेश गरिएको छ, जसको विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

४. सशोधित विनियोजन ऐनमा ११ वटा शीर्षकवाट १६ वटा नया योजनामा रकमान्तर र श्रोतान्तर गरी नगर तथा वडास्तरिय योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएका छन ।जसको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

५. सशोधित विनियोजन ऐनमा गत नगरसभावाट स्वीकृत ५ वटा शीर्षकमा विनियोजित रकमवाट २२ वटा नया योजनामा रकम बाँडफाँड गरी नगर स्तरीय योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएका छन । जसको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

अनुसुचि- १

(सशोधित विनियोजन ऐनको दफा २ सँग सम्बन्धित)

क्र.सं.	बजेटको स्रोत/तह	स्रोत	चालु	पूँजीगत	जम्मा	कै.
१	नेपाल सरकार	समानिकरण अनुदान	४४९८८८३८	८२८११६२	१२७८०००००	
२	नेपाल सरकार	शसर्त अनुदान	२५४४६९५००	०	२५४४६९५००	
३	संघ- IDA	शसर्त अनुदान	४९०००००	२०००००	५१०००००	
४	संघ- वर्ल्ड बैक - ट्रष्ट कोष	शसर्त अनुदान	७०००००	०	७०००००	
५	संघ- वर्ल्ड बैक - ट्रष्ट कोष	शसर्त अनुदान	२५०००००	०	२५०००००	
६	संघ- SSEP	शसर्त अनुदान	६२०००००	०	६२०००००	
७	संघ- SSEP	शसर्त अनुदान	८२०००००	०	८२०००००	
८	संघ- स्वीट्जरल्याण्ड-SDC	शसर्त अनुदान	८३०००००	०	८३०००००	
९	संघ- युरोपियन युनियन	शसर्त अनुदान	३०००००	०	३०००००	
१०	नेपाल सरकार	शसर्त अनुदान	०	५८२४०००	५८२४०००	
११	संघ- आन्तरिक ऋण	शसर्त अनुदान	०	९१०००००	९१०००००	
१२	संघ- IDA	शसर्त अनुदान	०	३७२००००००	३७२००००००	
१३	संघ- वर्ल्ड बैक - ट्रष्ट कोष	शसर्त अनुदान	०	८०००००	८०००००	
१४	संघ- स्वीट्जरल्याण्ड-SDC	शसर्त अनुदान	०	८६०००००	८६०००००	
१५	संघ- आन्तरिक ऋण	विषेश अनुदान	०	२७००००००	२७००००००	
१६	संघ- आन्तरिक ऋण	समपुरक अनुदान	०	१०५०००००	१०५०००००	
१७	कोशी प्रदेश	समानिकरण अनुदान	७२२६४०३	८०८५९७	८०३५०००	
१८	कोशी प्रदेश	शसर्त अनुदान	३२२३०००	०	३२२३०००	
१९	कोशी प्रदेश	शसर्त अनुदान पुंजीगत	०	१२१६००००	१२१६००००	

२०	कोशी प्रदेश	समपुरक अनुदान पुँजीगत	०	१३००००००	१३००००००	
२१	कोशी प्रदेश	राजस्व बाँडफाँड	७६९२०००	०	७६९२०००	
२२	स्थानीय	राजस्व बाँडफाँड	७७८०५००	१८००००	७९६०५००	
२३	संघीय सरकार	राजस्व बाँडफाँड	१०५६००००००	०	१०५६००००००	
२४	आन्तरिक श्रोत	आन्तरिक श्रोत	७४९५३२३५	४२५०५७६५	११७४५९०००	
जम्मा			५३७०३३४७६	५८५४८९५२४	११२२५२३०००	
अन्तर सरकारी हस्तान्तरण- संघीय सरकार						
१	सामाजिक सुरक्षा तथा संरक्षण		१२१६७२०००		१२१६७२०००	
२	औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)			१९८००००००	१९८००००००	
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम		१२१८०००		१२१८०००	
	कुल बजेट संशोधित बजेट		६५९९२३४७६	६०५२८९५२४	१२६५२१३०००	

अनुसुचि- २

(संशोधित विनियोजन ऐनको दफा ३ सँग सम्बन्धित)

कार्यक्रमगत थप भएका रकम

क्र.स.	कार्यक्रम	रकम	कै.
१	सबै स्थानीय तहहरुमा “क्षयरोग मुक्त स्थानीय तह अभियान” अनुरुप स्थानीय तहमा विस्तार	१२१८००	
२	सामाजिक सुरक्षा कार्यक्रम	१२१६७२०००	
३	याक्चना-लामीछाने पाथिभरा पिङडाडा वेलचोक त्रिवेणी मोर्स खामडाडा मिलमिले दोभान जडिबुटी पंहुच मार्ग धनकुटा	९९,००,०००	
४	रुद्रबारी हाडी थुम्का वाघखोर र जडिबुटि पंहुच मार्ग धनकुटा नगरपालिका धनकुटा	९९,००,०००	

कार्यक्रमगत घटेर प्राप्त भएका रकम

क्र.स.	कार्यक्रम	रकम	कैफियत
१	प्रतिभा युवा क्लव भवन निर्माण पाखिवास २	४०००००	प्रदेस ससर्त अनुदान

घटाउने

क्र. सं	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	ख.शि.नं	बजेटको स्रोत/तह	प्रासिको श्रोत	रकम	कै
१	प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम	२८२१९	आन्तरिक श्रोत	आन्तरिक श्रोत	९०००००	

२	प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम	२८२१९	आन्तरिक श्रोत	आन्तरिक श्रोत	८०००००	
३	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	२५५०००	
४	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२२२२१	आन्तरिक श्रोत	आन्तरिक श्रोत	६६७०००	
५	गत आ.ब. २०८०/०८१ को भुक्तानी बाँकी दायित्व- श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग	३११२३	आन्तरिक श्रोत	आन्तरिक श्रोत	१८८५९७	
६	कर्मचारी तालिम खर्च	२२५११	राजस्व बाँडफाँड- स्थानीय	राजस्व बाँडफाँड	५०००००	
७	बिमा तथा नवीकरण खर्च	२२२१४	आन्तरिक श्रोत	आन्तरिक श्रोत	४५००००	
८	दायित्व- मकै विउ खरिद ध.न.पा. ६	३११३१	आन्तरिक श्रोत	आन्तरिक श्रोत	४५१०९	
९	इन्धन - अन्य प्रयोजन	२२३१४	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	६०००००	
१०	कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम	२१२१४	कोशी प्रदेश	समानिकरण अनुदान	३३२५७०६	
११	मेशिनरी तथा औजार	३११२२	राजस्व बाँडफाँड स्थानीय	राजस्व बाँडफाँड	६२००००	
१२	प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम	२८२१९	आन्तरिक श्रोत	आन्तरिक श्रोत	९९९९९	

बढाउने

क्र.सं	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	ख.शि.नं	बजेटको स्रोत/तह	प्रासिको श्रोत	रकम	कै
१	राष्ट्रिय व्यक्तित्व र विपन्न नागरिक स्वास्थ्य उपचार	२७११२	आन्तरिक श्रोत	आन्तरिक श्रोत	३०००००	
२	अन्य सामाजिक सहायता	२७२१९	आन्तरिक श्रोत	आन्तरिक श्रोत	६०००००	
३	सवारी साधन तथा मेशिनर औजार भाडा	२८१४३	आन्तरिक श्रोत	आन्तरिक श्रोत	५०००००	
४	नमस्ते धनकुटा विविध सांस्कृतिक कार्यक्रम- त्रिवेणी नाट्य बराह	२२५२२	आन्तरिक श्रोत	आन्तरिक श्रोत	३०००००	

५	इन्धन - अन्य प्रयोजन	२२३१४	कोशी प्रदेश	समानिकरण अनुदान	६०००००	
६	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२२४१२	कोशी प्रदेश	समानिकरण अनुदान	२५५०००	
७	बिमा तथा नवीकरण खर्च	२२२१४	कोशी प्रदेश	समानिकरण अनुदान	४५००००	
८	गत आ.ब. २०८०/०८१ को भुक्तानी बाँकी दायित्व- श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग	३११२२	कोशी प्रदेश	समानिकरण अनुदान	१८८५९७	
९	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२२२२१	कोशी प्रदेश	समानिकरण अनुदान	६६७०००	
१०	कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम	२१२१४	राजस्व बाँडफाँड - संघीय सरकार	राजस्व बाँडफाँड	८५५०००	
११	कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम	२१२१४	आन्तरिक श्रोत	आन्तरिक श्रोत	१३५०७०६	
१२	कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम	२१२१४	राजस्व बाँडफाँड — स्थानीय	राजस्व बाँडफाँड	११२००००	
१३	कर्मचारी तालिम खर्च	२२५११	कोशी प्रदेश	समानिकरण अनुदान	५०००००	
१४	दायित्व- मकै विउ खरिद ध.न.पा. ६	२२५२२	कोशी प्रदेश	समानिकरण अनुदान	४५१०९	
१५	मेशिनरी तथा औजार	३११२२	कोशी प्रदेश	समानिकरण अनुदान	६२००००	
१६	दायित्व-जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ५	२२५२२	आन्तरिक श्रोत	आन्तरिक श्रोत	९९९९	

अनुसुचि- ३

(संशोधित विनियोजन ऐनको दफा ४ सँग सम्बन्धित)

वडा नं ३						
सि.न.	स्वीकृत कार्यक्रमको नाम	व.शि.न.	रकम	परिवर्तित कार्यक्रमको नाम	रकम	कै.
१.	महिला क्षमता विकास कार्यक्रम	२२५२२	१०००००	चाडपर्व सडक सरसफाई	१०००००	
२	रुपेश राईको घर देखि भाषा कागते सडक निर्माण	३११५१	१०००००	चाडपर्व सडक सरसफाई	१०००००	

३	स्याउले चुलेघाँटी सडक स्तरोन्नति	३११५१	१०००००	चाडपर्व सडक सरसफाई	१०००००	
४	कृषि अनुददान कार्यक्रम	३११५१	२५००००	शिव मूर्ति स्थापना तथा मञ्च व्यवस्थापन	२०००००	
वडा नं ३						
१	लालीगुरास महिला समुह घुम्ति कोष	२२५२२	१०००००	लालीगुरास महिला कृषि सहकारी सँस्था लि.घुम्तीकोष	१०००००	
वडा नं १						
१	हिले वजार तथा १ नं. वढाको महत्वपूर्ण स्थलहरुको प्रचार प्रसार	२२५२२	१०००००	पशुपालन अनुदान कार्यक्रम	१०००००	
वडा नं ९						
१	मुलघाट सौचालय निर्माण	३११५९	१०००००	डस्टविन खरिद र वितरण कार्यक्रम	१०००००	
वडा नं ८						
१	सार्वजनिक खर्च पूजीगत सुधार	३११७१	२०००००	शसस्त्र प्रहरी कार्यालय मर्मत	२१०००	
२	आवास निर्माण कार्यक्रम	३११११	२०००००	दुर्गा वहादुर राई,मान वहादुर राई,रास वहादुर राई आवास मर्मत	६००००	
३	पर्यटन प्रवर्धन कार्यक्रम	२२५२२	५०००००	आकासे पानी संकलन तथा पुन प्रयोग धनपा ८	३५००००	
				स्वारीवा पेलाम पदमार्गमा सौचालय र कटेरो निर्माण	१५००००	
४	स्वास्थ्य सस्था सञ्चालन तथा औषधि खरिद	२२५२२	१०००००	स्वास्थ्य सस्था औषधि खरिद	६००००	
				स्वास्थ्य क्लिनिक कार्यालय व्यवस्थापन	४००००	
५	आपगाछी टेकुनाला सडक स्तरोन्नति	३११५१	१०००००	खाम्वेला फुजुलुङ्ग सडक स्तरोन्नति	१०००००	

अनुसुचि- ४

(संशोधित विनियोजन ऐनको दफा ५ सँग सम्बन्धित)

व.शी.न. ३११५९ जनताको अपेक्षा नगरको शुभेक्षा

सि.नं.	योजना कार्यक्रमको नाम	ठेगाना	स्वीकृत रकम	कै.
१	स्कुलडाँडा चोकको सुमित्रा तामाङको घर छेउबाट माथिल्लो कचिडे जाने सडक नयाँ ट्र्याक खोल्ने	ध.न.पा. ६	२०००००	

२	लामाडाँडा बौद्द दाहसंस्कार व्यवस्थापन समिति घ्याङगर निर्माण	ध.न.पा. २	४०००००	
३	साङ्गे लुइच्यान थाम्चे छोइलिङ्ग गुम्बा धर्मशाला मर्मत तथा तला थप	ध.न.पा. १०	२०००००	
४	डुम्रेसान्ने खुल्ला फुटबल प्रतियोगिता कार्यक्रम	ध.न.पा. १०	१५००००	
५	नगर भित्रका भित्री सडक सरसफाइ	धनकुटा नगरपालिका	७०००००	
६	श्री रत्न षडेश्वर शिवालय मन्दिरको बाँकी निर्माण कार्य	ध.न.पा. १	४०००००	
७	ध.न.पा. ७ चिचिर्लाबारी सातकन्या देवीथान मन्दिर मा ड्रेन वाल सोलिङ पिच गर्दा नपुग रकम	ध.न.पा. ७	१०००००.	
८	मितेरी टोल विकास संस्थाको सडक खण्डमा अविरल बर्षाका कारण पहिरो गइ क्षति भएको सडक मर्मत	ध.न.पा. ७	१५००००	
९	कालापानी चाँपे घ्याङ्ग घर निर्माण दाहासंस्कार स्थल	ध..पा. २	२०००००	

ब.शी. नं. २२५२२ संघ सँस्था साझेदारी

क्र सं.	स्वीकृत कार्यक्रम	कार्य सञ्चालन गर्ने सँस्था वा व्यक्ति	स्वीकृत रकम
१	छैठौं हिले साँस्कृतिक साँझ कार्यक्रम	हिले व्याडमिण्टन क्लव धनपा १	४०००००
२	शुभकामना तथा अन्तरक्रिया कार्यक्रम	पत्रकार महासंघ, धनकुटा	४५०००
३	दोभासे प्रशिक्षण कार्यकिरम	बहिरा संघ, धनकुटा	२००००
४	समूह घरमा आएको पहिरो पन्छाई सरसफाई गर्ने कार्यक्रम	माथिल्लो खाल्डे टोल विकास सँस्था	२००००

ब.शी. नं. २२५२२ सँस्कृति संरक्षण तथा प्रवर्दन कार्यक्रम

क्र सं.	स्वीकृत कार्यक्रम	कार्य सञ्चालन गर्ने सँस्था वा व्यक्ति	स्वीकृत रकम
१	तीज विशेष कार्यक्रम	जलकन्या भजन किर्तन महिला समूह धनपा २	४००००
२	खुला नृत्य तथा तीज विशेष कार्यक्रम	बौद्दिक विकास समाज धनपा ६	७५०००
३	नेपाल सम्वत ११४५ को अवसरमा विशेष साँस्कृतिक कार्यक्रम	माथिल्लो कोप्चे टोल विकास सँस्था धनपा ५	१०००००
४	साँस्कृतिक म्युजिक भिडियो निर्माण	कोपिला लामिछाने धनपा ९	५००००
		जम्मा रु.	२६५०००

ब.शी. नं. २२५२२ दलित लक्षित कार्यक्रम

क.सं.	स्वीकृत कार्यक्रम	कार्य सञ्चालन गर्ने सँस्था वा व्यक्ति	स्वीकृत रकम
१	दलित एकता समाज, धनकुटा	दलित समुदायका जनप्रतिनिधि र अगुवा महिलाहरुलाई जनचेतना	२५००००
२	दलित एकता सञ्जाल, धनकुटा	दलित महिला तथा पुरुषहरुलाई दलित उत्थान सम्बन्धी सचेतना कार्यक्रम	५००००
		जम्मा रु.	३०००००

व.शी.न. ३११५९ जनताको अपेक्षा मेयरको शुभेच्छा कार्यक्रम

क.स.	योजनाको नाम	भुक्तानी दिएको फर्म	भुक्तानी रकम	कैफियत
१	शीतभण्डार निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन निर्माण	कन्चनेश्वर कन्सलटेन्स, बिराटनगर-३, मोरङ्ग	४८५९००	
२	शीतभण्डार निर्माण गर्नका लागि माटो परीक्षण	श्री जे.एम. ग्रुप, बिराटनगर-३	३९४३७०	
३	संग्राहलयमा राखिने संग्रहित बस्तुहरुको प्रर्दशनी तथा बाह्य मौलिक स्वरुपहरुको आर्किटेक्ट डिजाइन	श्री अजिमा ईञ्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि., बुढानिलकण्ठ नपा-११	४८६३५२	

<u>निर्णय नं २</u>

कानुन मस्यौदा कार्यदलवाट तयार भएर विधेयक मस्यौदा समितिवाट सिफारिस भइ अएको धनकुटा नगरपालिकाको दृष्टि बन्धक सम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा वनेको कार्यविधि, २०८१ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

दृष्टिबन्धक समस्या समाधान सम्बन्धी कार्यविधि, २०८१

पृष्ठभूमिः

आय वृद्धि गर्न, वैदेशिक रोजगारीमा जान तथा घर व्यवहार चलाउन, औषधी उपचार गर्न आयस्रोत अभावका कारण आफ्नो स्वामित्वमा रहेको घर जग्गा साहु महाजनको नाममा दृष्टि बन्धक पास गरिदिएर चर्को व्याज दर र अव्यवहारिक शर्तहरू स्वीकार गरेर ऋण लिने गरेको र लिएको ऋणको सहि सदुपयोग गर्ने उचित व्यवस्थापन गर्ने सीपको अभावले समयमा सावाँ ब्याज फिर्ता गर्न नसकेर दिनानुदिन गरीबीको दुष्चक्रमा फस्ने क्रम बढि रहेको छ । धनकुटा नगरपालिकाको खासगरी आठपहरिया लगायतका अन्य गरिब परिवारले आफ्नो घरबारी जग्गा जमीन उकास्न नसकेर घरबार विहिन हुँदै गएको गरिवीको दुष्चक्रमा डुब्दै गइरहेकोले हाम्रो समाजमा सामाजिक तथा आर्थिक असन्तुलन श्रृजना भइ सामाजिक द्वन्द्वले विकराल स्थितिको श्रृजना गराउने सम्भावनालाई समेत मध्य नजर गर्दै उक्त समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित

समितिले दिएको प्रतिवेदन समेतका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दृष्टि बन्धक सम्बन्धी समस्या समाधान गर्न वाञ्छनीय भएकाले नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नामः दृष्टिबन्धक समस्या समाधान सम्बन्धी कार्यविधि, २०८१ रहनेछ ।

(२) प्रारम्भः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "दृष्टिबन्धकि" भन्नाले कुनै दुई व्यक्तिबिचमा घर जग्गा धितो राखी सम्झौता बमोजिमको शर्तानुसारको निश्चित समयपछि फिर्ता गर्ने गरी भएको आर्थिक लेनदेन वा कारोबार भन्ने सम्झनु पर्दछ ।

(ग) "ऋणी" भन्नाले आर्थिक कारोबार गर्दा ऋण लिने व्यक्ति सम्झनु पर्दछ ।

(घ) "साहु" भन्नाले आर्थिक कारोबार गर्दा ऋण दिने व्यक्ति सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिका सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले धनकुटा नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "वडा कार्यालय" भन्नाले कारोबार भएको वडा समितिको कार्यालय सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दृष्टिबन्धक समस्या समाधान समिति सम्झनु पर्छ ।

(झ) "तमसुक" भन्नाले साहु र ऋणी बिचमा लेनदेनको कारोबार गर्दा दुवै पक्षको सहमतिमा तय गरिएको शर्तहरूको कागजात सम्झनु पर्छ ।

३. प्रचलित कानुनी व्यवस्थाः नेपालमा लेनदेन व्यवहार सम्बन्धी कानुनी व्यवस्था मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद १५ मा लेनदेन व्यवहार सम्बन्धी व्यवस्था अन्तर्गत दफा ४७४ देखि ४९२ सम्म उल्लेख गरिएको छ ।

- सम्वत २०८० सालको ऐन नं ५ मुलुकी संहिता सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐनमा पनि मुलुकी देवानी संहिता कार्यविधि र मुलुकी अपराध संहिता कार्यविधिमा लेनदेन कारोबारको बारेमा संशोधनहरू गरिएको छ ।

४. दृष्टिबन्धक समस्या समाधान समिति गठन र जिम्मेवारी

क) समितिको बनावट

यो कार्यविधि बन्नुपूर्व दृष्टिबन्धकको अवस्थाबारे अध्ययन गर्न वडा नं ८ का वडाध्यक्ष रस बहादुर राईको संयोजकत्वमा बनेको ६ सदस्यीय अध्ययन कार्यदलले नै यो दृष्टिबन्धक समस्या समाधान समितिको रुपमा काम गर्नेछ । कार्यपालिकाको निर्णयले समितिको सदस्यहरू र जिम्मेवारी परिवर्तन गर्न सक्नेछ ।

ख) समितिको काम र कर्तव्य

- अध्ययन प्रतिवेदनको आधारमा र वडा समितिको सहयोगमा सवै दृष्टिबन्धकहरूले पेश गरेका प्रमाणहरूको अध्ययन गर्ने,
- ऋणीहरूको यथार्थ नामावली तयार गर्ने,
- साहु र ऋणीहरू बीच समन्वय गरी समाधानका उपायहरू खोज्ने र समस्या समाधानको लागि सहजीकरण गर्ने,
- अनुदान तथा अन्य सहयोगका लागि ऋणीहरूको नाम नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

५. ऋणी र साहुको पहिचान

क) यस अघिको अध्ययनमा विभिन्न कारणले छुट भएका ऋणीहरूलाई १५ दिनको सूचना प्रकाशन गरी निवेदन आव्हान गर्ने । प्राप्त निवेदनको अध्ययन विश्लेषण गरी वास्तविक ऋणीलाई समावेश गर्ने ।

ख) सम्बन्धित वडा कार्यालय तथा बस्तीस्तरमा स्थलगत छलफल तथा अन्तरक्रिया गरी यथार्थ ऋणीहरू पहिचान गर्ने ।

ग) पहिचान भएका ऋणीहरूको प्रकार र संख्या अनुसार यथार्थ नामसूची तयार गरी नगरपालिकामा पेस गर्ने

६. समस्या समाधानका लागि गरिने मुख्य कार्यहरू

(क) व्यक्ति वा साहुसँग तमसुक गरी ऋण लिनेहरूको विवरण यकिन गर्ने ।

(ख) ऋणी र साहु दुवैलाई राखी वडा कार्यालयको रोहवरमा छलफल गराई समस्या समाधानको उपाय (ब्याज घटाउने, ब्याज मिनाहा गराउने, कागजातहरूमा संशोधन गर्ने, सावाँ नै घटाउने जग्गा फिर्ता गर्ने) खोज्ने ।

(ग) घरजग्गा सबै साहुको भई घरवास नै उठी सुकुम्वासी हुने अवस्थाका ऋणीहरूको पहिचान गर्ने ।

(घ) बुँदा (ग) मा उल्लिखित परिवारहरूको घरबास नउठ्ने गरी व्यवस्थापन गर्न कुनै स्रोतको खोजी गरी नगरपालिकाले आधारभूत अनुदानको व्यवस्था मिलाउन सक्नेछ ।यस्तो अनुदानको रकमको सिमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ङ) बुँदा (घ) अनुसार प्राप्त भएको घर जग्गा १० (दश) बर्षसम्म ऋणीले बिक्री वितरण तथा बैंक वा साहुकोमा बन्धक राखी ऋण लिन नपाउने गरी व्यवस्थापन गर्ने ।

(च) बुँदा (ग) बाहेकका ऋणीहरूको हकमा बुँदा (ख) बमोजिमको क्रियाकलाप गर्ने र यस्ता ऋणीहरूको हकमा नगरपालिकाले ऋणीको अवस्था हेरी सहयोग गर्ने नीति लिनेछ ।

(छ) बाँकी ऋणीहरूको हकमा ऋण तिर्न सक्ने गरी लक्षित कार्यक्रम मार्फत क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने ।यस्ता कार्यक्रमहरूमा मुख्य गरी सीपमुलक तालिम सञ्चालन गर्ने, तालिम लिएका व्यक्तिलाई व्यवसाय शुरु गर्न बीउ पूँजी उपलब्ध गराउने, धेरै रकम भएमा नगरपालिकाको समन्वयमा सुलभ ऋण व्यवस्थापन गर्ने, आवश्यक नयाँ प्रविधिहरू उपलब्ध गराउने, बजार व्यवस्थापनमा सहयोग गर्ने जस्ता कार्यहरू सञ्चालन गर्ने छ ।

(ज) साहुहरूसँग समन्वय गरी अव्यवहारिक सम्झौताका बुँदाहरू फेर्न लगाई हिसाब किताब यकीन गरी संभावित छुट गराउन पहल गर्ने ।

(झ) ऋणीहरूलाई मिटर ब्याजी प्रथाबाट मुक्त गर्न दोषीलाई कारवाही सम्बन्धी कार्यविधि सङ्घीय कानून बमोजिम हुने । वित्तीय व्यवस्थापनका अन्य उपायहरू खोजी गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

(ञ) वडा कार्यालयको रोहवरमा भएको कागजात राख्ने ।

(ट)कानुन भन्दा बाहिर गएर यस प्रकारको अव्यवहारिक लेनदेन गर्ने क्रियाकलाप रोक्न समुदाय सचेतीकरण गर्ने ।

७. कारवाही नहुने

क) वास्तविक दृष्टिबन्धकहरू भन्दा फरक ढंगले पेश भएका फारम वा निवेदन उपर कुनै कारवाही हुने छैन ।

ख) बैंक तथा वित्तीय संस्थामा बन्धकी राखेको हकमा कुनै कारवाही हुने छैन ।

ग) मिति २०७९ साल वैशाख १५ गतेभन्दा पछि कारोबार भएकाहरूलाई यो प्रावधान लागु हुने छैन ।

८. उजुरी तथा गुनासो व्यवस्थापनः ऋणीहरूलाई समितिले गरेको निर्णय उपर चित्त नबुझेमा नगर प्रमुख समक्ष गुनासो राख्न सक्नेछन् ।

९. बाधा अड्काउ फुकाउः यो कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको बाधा अड्काउ उत्पन्न भएमा त्यस्ता बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

१०. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य कार्यहरूको विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

निर्णय नं ३

कानुन मस्यौदा कार्यदलवाट तयार भएर विधेयक मस्यौदा समितिवाट सिफारिस भइ अएका तपसीलमा उल्लेखित ऐनहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१

प्रस्तावनाः स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरूका माध्यमबाट सहज र दिगो रूपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम धनकुटा नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले निजी रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्‍याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) “घरेलु उपयोग” भन्नाले व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) “ढल निकास” भन्नाले मानव मलमूत्र सहित वा रहित फोहरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ड) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निःसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) “फोहर पानी” भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहरपानी सम्झनु पर्दछ र सो शब्दले फोहरपानीसँग मिसिएर आउने वर्षात्को पानीलाई समेत जनाउँछ ।

(त) “सरसफाइ सेवा” भन्नाले फोहर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण, ढल निकास प्रणाली, ठोस फोहर व्यवस्थापन, घरयासी तथा संस्थागत शौचालय निर्माण, फोहर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(थ) “संगठित संस्था” भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(द) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ध) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(न) “सेवा क्षेत्र” भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

परिच्छेद २
खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः**(१) नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत नगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, संवर्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **खानेपानीको स्रोतमा अधिकारः** (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिईनेछ ।

(२) परम्परागत रूपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(४) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्था सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षणः** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था मिलाउने र स्रोतलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, संवर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा बहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

६. **खानेपानी तथा सरसफाइको पहुँच पुगेको मानिने:** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) खानेपानी उपयोग गर्ने परिवारहरु १५ मिनेटसम्मको आतेजाते दुरीभित्र पानी ल्याउन सक्षम भएमा,

(ख) सबैको निम्ति सुरक्षित पहुँच भएमा,

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व नगरपालिकाको हुनेछ

(३) खानेपानी तथा सरसफाइका राष्ट्रिय मापदण्डको अधिन रही नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

७. **सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा:** (१) देहायको समुदायलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित खानेपानीको उपलब्धता भएको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोतबाट प्राप्त पानीलाई शुद्धिकरण गरी उपभोग गरेको ।

(२) सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले निर्देशिका, मापदण्ड, कार्यविधि बनाई घोषण गर्न सक्नेछ ।

८. **शौचालय निर्माण गर्नु पर्ने:** (१) नगरपालिकाका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले अनिवार्य शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) नगरका सार्वजनिक स्थलमा शौचालयको निर्माण गर्ने दायित्व स्थानीय समुदाय र नगरपालिकाको हुनेछ । यस्ता सार्वजनिक स्थलमा शौलालय निर्माण गर्नु पूर्व त्यसको संचालन कार्यविधि तयार गर्नु पर्नेछ ।

(३) नगरका सबै विद्यालयमा देहाय बमोजिम शौचालय सुविधाको व्यवस्थापन गर्नु पर्नेछ ।

(क) ५० जना विद्यार्थी बराबर एक शौचालयको उपलब्धता,

(ख) छात्र छात्राका लागि अलग शौचालय,

(ग) शौचालयमा साबुन पानीको व्यवस्था,

(घ) छात्राको शौचालयमा स्यानिटरी प्याड बिसर्जन गर्ने उपयोगी व्यवस्था गरिएको,

(३) खुला दिसामुक्त समुदायको दिगोपनाका लागि नगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

परिच्छेद ३
संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

९. **नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिकामा पूर्वाधार विकास समिति र वन, वातावरण र विपद व्यवस्थापन समितिका संयोजक सदस्य - दुई जना

(ङ) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि - सदस्य

(च) नगरपालिकाले तोकेको खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला - सदस्य

(छ) नगरपालिकाले तोकेको खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना महिला - सदस्य

(ज) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने उपशाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका कार्य अवधी दुई वर्षको हुनेछ ।

(४) नगरपालिकास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति काम कर्तव्य अधिकारः** नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकल संशोधन लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)को प्रभावकारी योजना निर्माण, कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(च) नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

११. <u>वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः</u> (१) नगरपालिकाले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम गर्न वडा समितिलाई तोक्नेछ ।

(२) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन् ।

१२. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको व्यवस्थाः</u> (१) नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापनका लागि नगर कार्यपालिकाको कार्यालयले कुनै शाखा/उपशाखालाई वास इकाइको रुपमा तोक्नेछ,

१३. <u>वास इकाइको भूमिका तथा जिम्मेवारीः</u> वास इकाइको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यक्रम, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत सरसफाइ लगायतका कार्यक्रमहरुको कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

(ख) नगरपालिकाको वास क्षेत्रको सूचना संकलन, अद्यावधिक तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा प्रयोगका लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगर कार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पेश गर्ने, कमजोर उपभोक्ता समितिलाई सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना सहयोग गर्ने,

(ज) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मत सम्बन्धी अवस्थाको बारेमा समितिमा पेस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपनाका लागि अन्य कार्य गर्ने,

(ट) वास व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको रुपमा काम गर्ने ।

१४. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गर्न सक्ने</u>: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका कागजातको आधारमा उपभोक्ता संस्था दर्ता गर्न योग्य देखिएमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु यो ऐन लागु भएपश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ ।

(७) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक साधारण सभा गरी सोको प्रतिवेदन नगरस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ ।

१५. <u>उपभोक्ता संस्थाको कार्यसमिति</u> :(१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति सातदेखि एघार सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा दुई कार्यकालमात्र काम गर्न पाउने छ ।

<u>१६. उपभोक्ता संस्थाको विधान</u> : उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यक्षेत्र

(ग) सदस्यता, योग्यता र सदस्यता शुल्क

(घ) निष्काशन र राजिनामा

(ङ) हक दावी, नामसरी वा हकवालाको मनोनयन

(च) अधिवेशन, वार्षिक साधारण सभा र कार्य

(छ) समितिको गठन, काम, कर्तव्य र अधिकार

(ज) कार्य समितिको बैठक र कार्यविधि

(झ) पदाधिकारीको काम, कर्तव्य र अधिकार,

(ञ) अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था,

(ट) सदस्य बहाल रहन नसक्ने अवस्था,

(ठ) कोष र लेखापरीक्षण

(ड) निर्वाचन सम्बन्धी व्यवस्था,

(ढ) विधान संशोधन,

(ण) संस्थाको विघटन,

(त) विनियम बनाउने अधिकार

(थ) विविध

परिच्छेद ४
खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

१७. **खानेपानी प्रणालीहरुको वर्गीकरणः** (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक खानेपानी प्रणाली
(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)
(ग) मूल संरक्षण खानेपानी योजना
(घ) संस्थागत खानेपानी प्रणाली

(२) नगरपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्धन गर्नेछ ।

१८. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** : यस ऐन बमोजिम उपभोक्ता संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

१९. **गुणस्तर मापदण्ड तोक्न सक्ने** :(१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

२०. **खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था**: नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

२१. **खानेपानी गुणस्तर अनुगमन प्रणाली:** नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

परिच्छेद ५
खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण:** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत लगायतलाई समेत आधार मान्नु पर्नेछ ।

२३. **महसुल तथा शुल्क लिन पाउने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

(२) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले गरीबीको परिचय पत्र प्राप्त गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण, ढल जडान र खानेपानीको महसुल लगायतको सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

२४. **मिनाहा वा छुट दिन सक्ने**: उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरीबीको परिचय प्राप्त गरेका वा सिमान्तकृत परिवारले खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२५. **असुल उपर गर्न सक्ने**: यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

२६. **खानेपानी सेवाको व्यवस्थापन:** (१) नगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापन सहजीकरण गराउनेछ ।

(२) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(३) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २३ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

(४) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(५) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले सम्बन्धित निकायमा मर्मत सम्भारका लागि अनुरोध पर्नेछ ।

परिच्छेद ६
पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

२७. **पूर्वाधारको निर्माण वर्गीकरण:** (१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वित घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजना: ५०० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ख) मझौला आयोजना: २०० देखि ५०० घर परिवार लाभान्वित हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ग) साना आयोजना: २०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना आयोजनामा वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

२८. **समुदायको योगदान सम्बन्धी व्यवस्था:** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले कुल लागतको १० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वित घर परिवारलाई श्रमको विभाजन गरी श्रमदानका लागि परिचालन गर्नु पर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरु, दिर्घरोगीहरु आदि) लाई श्रमदानमा सहुलियतको व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खन्ने, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगायतका सामाग्रीहरू सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

२९. **उपभोक्ता संस्थाको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने :** (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, सम्पत्ति बिक्रीबाट प्राप्त हुने आय, सहयोग रकम, सरोकारवाला साझेदार निकायबाट प्राप्त हुने अनुदान रकम रहनेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि सरोकारवाला साझेदार निकायबाट सहयोग प्राप्त गर्न सक्नेछ ।

(३) उक्त कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्षबाट संयुक्त रुपमा कोषाध्यक्ष अनिवार्य गरी दुई जनाबाट हुनेछ । उक्त कोषको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट वार्षिक रुपमा गराउनुपर्नेछ ।

परिच्छेद ७

फोहरमैला व्यवस्थापन

३०. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व :**(१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिका र फोहरमैला उत्पादनकर्ताको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न सक्नेछ ।

३१. **फोहरमैला संकलन केन्द्र तोक्ने :**नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः** नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्नेछ ।

३३. **फोहरमैला व्यवस्थापन स्थल :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) निर्माण गर्न सक्नेछ ।

३४. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने:** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

३५. **दिसाजन्य लेदो तथा अन्य फोहरको व्यवस्थापन** (१) कसैले पनि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र, दिसाजन्य लेदो सहित वा रहितको फोहर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुदैन ।

(२) उपदफा (१) बमोजिमको फोहर बिर्सजनका लागि अवलम्बन गरिने कार्यबिधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३६. **ढल निकास सेवा सञ्चालन:** नगरपालिकाका बजार क्षेत्रमा ढल निकासका लागि नगरपालिकाले स्थानीय समुदायको परामर्शमा उचित प्रबन्ध गर्नेछ ।

परिच्छेद ८

अनुमतिपत्र सम्बन्धी व्यवस्था

३७. **अनुमतिपत्र लिनुपर्ने :** (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी वास इकाइ समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको वास इकाइले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

३८. **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा ३७ बमोजिम परेको निवेदनमा वास इकाइले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिन नगरपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यावसायिक तथा औद्योगिक रूपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

३९. **अनुमतिपत्र प्रदान नगरिने :** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइरहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमति प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रूपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

४०. **अनुमतिपत्र खारेज :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा, नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा, खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा, अनुमति पत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा, नियमित रुपमा लेखापरीक्षण र वार्षिक प्रतिवेदन पेस नगरेमा वास समितिको सिफारिसमा नगर कार्यपालिकाले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ :

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा वास समितिको सिफारिसमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

परिच्छेद ८

विविध

४१. **कसुर र सजाय :** खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइ सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४३. **सूचना अभिलेख प्रणाली:** (१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धि तथ्यांक अध्यावधीका लागि सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ ।

४४. **योजना निर्माणः** नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

४५. **पुरस्कारसम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई वास समितिको सिफारिसमा नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४६. **निर्देशन दिन सक्ने :** नगरपालिकाले उपभोक्ता संस्था वा अन्य सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४७. **खानेपानी आयोजना र संरचनाको हस्तान्तण :** (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यपारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

५०. **नियम बनाउने सक्ने** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

(ख) प्रज्ञा प्रतिष्ठान ऐन, २०८१

प्रस्तावनाः भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्र लगायतको क्षेत्रमा अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन र विकास गरी धनकुटा नगर क्षेत्रको सामाजिक र सांस्कृतिक रुपान्तरणलाई सहयोग पुऱ्याउन धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्वीकृत भई राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले धनकुटा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले दफा ११ को उपदफा (२) बमोजिम चयन भएको धनकुटा प्रज्ञा प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले दफा ११ को उपदफा (२) बमोजिम चयन भएको धनकुटा प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले दफा ११ को उपदफा (२) अनुसार धनकुटा प्रज्ञा प्रतिष्ठानको सचिवलाई सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले धनकुटा प्रज्ञा प्रतिष्ठानको सदस्यलाई सम्झनु पर्छ ।

(ञ) "प्राज्ञ सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभालाई सम्झनु पर्छ ।

(ट) "प्राज्ञ" भन्नाले भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा अध्ययन, अनुसन्धान, संवर्धन र विकासका लागि क्रियाशील धनकुटा नगरवासी प्राज्ञ सभाको सदस्यलाई सम्झनु पर्छ ।

(ठ) "प्रज्ञा प्रतिष्ठान" भन्नाले यस ऐनको दफा ११ बमोजिम गठन भएको प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्छ ।

परिच्छेद-२

प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक स्वरूप र संरचना

२. **साङ्गठनिक स्वरुपः** (१) धनकुटा प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक स्वरूप देहाय बमोजिमको हुनेछ ।

क. प्रज्ञा प्रतिष्ठान तदर्थ समिति

ख. प्राज्ञ सभा

ग. प्रज्ञा प्रतिष्ठान

घ. विधागत समिति

३. **साङ्गठनिक संरचनाः** (१) धनकुटा प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक संरचना निम्न वमोजिम हुनेछ ।

क) प्राज्ञ सभा

ख) प्रज्ञा प्रतिष्ठान

ग) विधागत समिति

घ) प्रज्ञा प्रतिष्ठानले गठन गरेका उप समितिहरु

परिच्छेद-३

प्रज्ञा प्रतिष्ठानको तदर्थ समिति

४. **प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको गठनः** (१) धनकुटा नगरपालिकाको प्रमुखको अध्यक्षतामा ऐन कार्यान्वयन भए पश्चात् तदर्थ समिति गठन हुनेछ । उक्त समितिमा नगरपालिका क्षेत्र भित्रका भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको संरक्षण, संवर्धन र विकासका लागि क्रियाशील धनकुटा नगर क्षेत्रभित्रका साधक, सर्जक तथा अनुसन्धानकर्ताहरूबाट नगर कार्यपालिकाले तोकेका ९ जना सदस्य रहनेछन् । उक्त समितिमा सामाजिक विकास समितिका संयोजक पदेन सदस्य रहनेछन भने शिक्षा युवा तथा खेलकुद विकास शाखाका शाखा प्रमुख सदस्य सचिवका रूपमा रहेछन ।

(२) तदर्थ समितिले गठन भएको ६ महिना भित्र प्राज्ञ सभा सम्पन्न गर्नु पर्नेछ ।

५. **<u>प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको काम, कर्तव्यः</u>** (१) धनकुटा प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः

क. ६ महिना भित्र प्राज्ञ सभा आव्हान गर्ने

ख. प्राज्ञ सभा सदस्यता वितरण गर्ने,

ग. प्रज्ञा प्रतिष्ठान संचालनका लागि आवश्यक पर्ने कार्यविधि निर्देशिका लगायत तयार गरी प्राज्ञ सभामा पेश गर्ने

परिच्छेद- ४

<u>प्राज्ञ सभा सम्बन्धी व्यवस्था</u>

६. **<u>प्राज्ञ सभाको गठनः</u>** (१) प्राज्ञ सभाको आयोजना प्रज्ञा प्रतिष्ठान तदर्थ समितिले गर्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको पदाधिकारीहरू स्वतः प्राज्ञ सभाको सदस्य हुनेछन् ।

(३) दफा ५ को उपदफा (१) को खण्ड ख बमोजिम वितरण गरेको सदस्य समेत प्राज्ञ सभाको सदस्य हुनेछ ।

(४) प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको अध्यक्षले प्रथम धनकुटा प्राज्ञ सभाको अध्यक्षता गर्नेछ ।

(५) प्राज्ञ सभाका सदस्यहरूले आफू मध्येबाट १३ सदस्यीय प्रज्ञा प्रतिष्ठान गठन गर्नेछ ।

(६) प्राज्ञ सभाको अध्यक्षता प्रमुखले गर्नेछ ।

(७) प्राज्ञ सभा बढीमा ४५ सदस्यीय हुनेछ ।

७. **<u>प्राज्ञ सभाको बैठकः</u>** (१) सामान्यता प्राज्ञ सभाको बैठक वर्षमा १ पटक हुनेछ ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि पच्चिस प्रतिशत सभा सदस्यले लिखित रूपमा प्राज्ञ सभा बोलाउन अध्यक्ष समक्ष आवेदन गरेमा अध्यक्षले आवेदन प्राप्त गरेको मितिले एक महिना भित्र विशेष प्राज्ञ सभा बोलाउन प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएको ७ दिन भित्र प्रमुखले विशेष प्राज्ञ सभा आव्हान गर्नु पर्नेछ ।

(३) विशेष प्राज्ञ सभाको अध्यक्षता प्रमुख गर्नेछ ।

(४) प्राज्ञ सभाको गणपुरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशतको हुनेछ ।

(५) प्राज्ञ सभा बैठकको निर्णय प्रमुखले प्रमाणित गर्नेछ ।

(६) प्राज्ञ सभाको बैठक व्यवस्थापन सम्बन्धी अन्य प्रबन्ध प्रचलित कानून बमोजिम प्रतिष्ठान आफैंले व्यवस्थापन गर्न सक्नेछ ।

८. **<u>प्राज्ञ सदस्यको योग्यताः</u>** (१) धनकुटा नगरपालिका प्राज्ञ सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

(क) धनकुटा नगरपालिकाको स्थायी नेपाली नागरिक भएको हुनुपर्ने,

(ख) भाषा, कला, साहित्य, ललितकला, संगीत तथा नाट्य, चलचित्र, दर्शन तथा समाजशास्त्र लगायत क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गरी पहिचान बनाएको,

(ग) अदालतबाट दोषी प्रमाणित नभएका व्यक्तिहरु,

(घ) ४० बर्ष उमेर पूरा भएको ।

९. **<u>प्राज्ञ सभाको काम, कर्तव्य र अधिकारः</u>** (१) प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम स्वीकृत गर्ने,

ख. धनकुटा नगर क्षेत्र भित्रको भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थ एवम् कृति तयार गरी प्रकाशित गर्ने गराउने,

ग. सामाजिक, सांस्कृतिक एवम् मौलिक संस्कृति, परम्परागत ज्ञान, सीप एवम् सृजनाको विकास प्रवर्धन गरी सोको जगेर्नाका लागि कार्य गराउने,

घ. धनकुटा नगरपालिका क्षेत्रभित्र बोलिने भाषालाई समृद्ध र वैभवशाली बनाउन आवश्यक कार्य गर्ने,

ङ. धनकुटा नगरपालिका क्षेत्र भित्रका भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन तथा अनुसन्धानका लागि विद्धत् वृत्तिको व्यवस्था गर्ने,

च. धनकुटा नगरपालिका क्षेत्रको भाषा, कला, साहित्यलाई प्रदेश तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउन कार्य गर्ने,

छ. धनकुटा नगरपालिका क्षेत्रको विभिन्न जातजातिको लोपोन्मुख भाषा, कला, संस्कृति, सीपको अनुसन्धान, संरक्षण र विकास गर्ने,

ज. वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

झ. प्रज्ञा प्रतिष्ठानलाई आवश्यक निर्देशन तथा मार्गदर्शन दिने,

ञ. प्रज्ञा प्रतिष्ठानको कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

ट. यस ऐनको सापेक्षतामा कार्यविधि तथा नियम बनाई स्वीकृतिका लागि धनकुटा नगर कार्यपालिकामा पेस गर्न लगाउने,

ठ. ऐनको उद्देश्य प्राप्त गर्नका लागि अन्य आवश्यक कार्य गर्ने,

ड. प्रज्ञा प्रतिष्ठानको निर्वाचन गर्ने ।

परिच्छेद – ५

प्रज्ञा प्रतिष्ठान सम्बन्धी व्यवस्था

१०. **प्रज्ञा प्रतिष्ठान गठनः** (१) धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठान १३ सदस्यीय हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानमा देहाय बमोजिमको पदाधिकारी रहनेछन् ।

अध्यक्ष	१ जना
उपाध्यक्ष	२ जना (१ महिला १ पुरुष)
सचिव	१ जना
सहसचिव	१ जना
कोषाध्यक्ष	१ जना
सदस्य	६ जना

(३) उपदफा २ बमोजिम गठन हुने प्रज्ञा प्रतिष्ठानको अध्यक्ष र कोषाध्यक्षमध्ये १ जना अनिवार्य महिला हुनुपर्नेछ ।

(४) नगरपालिकाको समाजिक विकास समितिको संयोजक प्रतिष्ठानको पदेन सदस्य रहनेछ ।

(५) प्रज्ञा प्रतिष्ठान ३३ प्रतिशत महिला सहित समावेशी सिद्धान्तको आधारमा गठन हुनेछ ।

(६) प्रज्ञा प्रतिष्ठान समितिको कार्यकाल चार बर्षको हुनेछ ।

७ प्रज्ञा प्रतिष्ठान समितिको गठन सम्भव भए सम्म सर्वसम्मत रूपमा नभए निर्वाचन प्रणालीद्वारा गठन हुनेछ ।

(८) निर्वाचन सम्बन्धी अन्य प्रबन्ध प्राज्ञ सभाले तोके बमोजिम हुनेछ ।

११. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः (१) प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तयार गर्ने,

(ख) धनकुटा नगर क्षेत्र भित्रको भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थ एवम् कृति तयार गरी प्रकाशित गर्ने, गराउने,

(ग) सामाजिक, सांस्कृतिक एवम् मौलिक संस्कृति, पराम्परागत ज्ञान, सिप एवम् सृजनाको विकास र प्रवर्धन गरी सोको जगेर्नाका लागि कार्य गर्ने,

(घ) अनुवाद एवं प्रकाशन सम्बन्धी कार्य गर्ने,

(ङ) स्थानीय, प्रादेशिक एवं राष्ट्रिय गोष्ठी, सम्मेलन र प्रदर्शनीमा सहभागिता गर्ने, गराउने,

(च) समान प्रकृतिका अन्तराष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापित गर्ने,

(छ) विधागत क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई कदर, सम्मान र पुरस्कृत गर्ने,

(ज) विधागत क्षेत्रमा योगदान गर्ने क्रियाशील प्रतिभाको पहिचान र विकासका लागि कार्य गर्ने गराउने,

(झ) विभिन्न जातजाति तथा समुदायका कला, साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको संवर्धन, संरक्षण र विकास गर्ने,

(ञ) धनकुटा नगरपालिका क्षेत्रभित्र बोलिने भाषालाई समृद्ध र वैभवशाली बनाउन आवश्यक कार्य गर्ने,

(ट) धनकुटा नगरपालिका क्षेत्र भित्रका भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन तथा अनुसन्धानका लागि विद्वत् वृत्तिको व्यवस्था गर्ने,

(ठ) धनकुटा नगरपालिका क्षेत्रको भाषा, साहित्य, कलालाई प्रदेश तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउन कार्य गर्ने,

(ड) धनकुटा नगरपालिका क्षेत्रको विभिन्न जातजातिको लोपोन्मुख भाषा, कला, संस्कृति, सीपको अनुसन्धान, संरक्षण र विकास गर्ने

(ढ) प्राज्ञ सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ण) प्रज्ञा सभाको निर्देशन पालना गर्ने,

(त) लेखापरीक्षण गर्ने, गराउने,

(थ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,

(द) प्रगति समीक्षा गर्ने,

(ध) चल अचल सम्पतिको सुरक्षा गर्ने,

(न) प्रज्ञा प्रतिष्ठान कोषको संचालन तथा व्यवस्थापन गर्ने,

(ऩ) आर्थिक तथा अन्य सहयोग प्राप्तिका लागि पहल गर्ने,

(प) विद्वत् वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,

(फ) विधागत समितिहरू निर्माण गर्ने र कामको जिम्मेवारी दिने,

(ब) आवश्यकता बमोजिम अन्य समिति तथा उपसमिति गठन गर्ने र काम, कर्तव्य तोक्ने,

(भ) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको विकासका लागि स्वीकृत कार्ययोजना बमोजिम काम गर्ने, गराउने,

(म) प्रज्ञा प्रतिष्ठानको व्यवस्थापन तथा कार्य सहजीकरणका लागि नियम, कार्यविधि तथा मापदण्ड तयार गरी प्राज्ञ सभामा पेस गरी नगर कार्यपालिकामा पेस गर्ने,

(य) तोकिए बमोजिमको अन्य कार्य गर्ने,

१२. **प्रज्ञा प्रतिष्ठानको बैठकः** (१) प्रज्ञा प्रतिष्ठानको बैठक ३ महिनामा १ पटक बस्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल गरिने विषय समेत उल्लेख गरी अध्यक्षको निर्देशनमा सचिवले पत्राचार वा प्रविधिको प्रयोग गरी बैठक बोलाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको बैठक बस्ने सूचना कम्तीमा २४ घण्टा अगावै प्रज्ञा प्रतिष्ठानको पदाधिकारी तथा सदस्यहरूलाई जानकारी दिनुपर्नेछ ।
(४) प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्ष अनुपस्थितिमा ज्येष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।
(५) प्रज्ञा प्रतिष्ठानको गणपूरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।
(६) प्रज्ञा प्रतिष्ठानको बैठकमा बहुमतको राय मान्य हुने र मत बराबर भएको खण्डमा मात्र अध्यक्षले निर्णायक मत प्रदान गर्नेछ ।
(७) प्रज्ञा प्रतिष्ठानको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।
(८) प्रज्ञा प्रतिष्ठानको बैठक व्यवस्थापन सम्बन्धी अन्य प्रबन्ध प्रचलित कानून बमोजिम प्रतिष्ठान आफैंले व्यवस्थापन गर्न सक्नेछ ।

परिच्छेद – ६
कोष तथा लेखा परीक्षण

१३. कोषको व्यवस्थापनः (१) धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै कोष हुनेछ ।
(२) धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठान कोषको व्यवस्थापन देहाय बमोजिम हुनेछ ।
क) नगरपालिकाबाट प्राप्त रकम,
ख) प्रदेश तथा संघीय सरकारवाट प्राप्त रकम,
ग) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,
घ) विदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,
ङ) व्याजबाट प्राप्त रकम,
च) अन्य स्रोतबाट प्राप्त रकम,
(३) प्रज्ञा प्रतिष्ठानको बैंक खाता सञ्चालनका लागि अध्यक्ष, सचिव र कोषाध्यक्षबाट हुनेछ । कोषाध्यक्ष अनिवार्य गरी सचिव र अध्यक्षमध्ये एक जनाको गरी दुई जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।
(४) प्रज्ञा प्रतिष्ठानको लेखापरीक्षण धनकुटा नगर कार्यपालिकाको कार्यालयले तोकेको दर्तावाला लेखापरीक्षकबाट प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद- ७
प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१४. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) प्रज्ञा प्रतिष्ठानको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।
क) प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने,
ख) प्राज्ञ सभा र प्रज्ञा प्रतिष्ठानले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, प्रतिवेदन, बजेट बनाउने, बनाउन लगाउने,
घ) प्रतिष्ठानको काम कार्यवाहीलाई आवश्यक निर्देशन, अनुगमन र नियन्त्रण गर्ने,
ङ) विभिन्न पालिकाहरू र संघ संस्थाहरूसँग आवश्यक सम्पर्क गर्ने,
च) प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक सम्पर्क गर्ने,
छ) प्रज्ञा सभाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने,
ज) आफ्नो अनुपस्थितिमा ज्येष्ठ उपाध्यक्षलाई कार्यवाहक तोक्ने ।

१५. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा प्रतिष्ठान बैठकको अध्यक्षता गर्ने,

ख) प्रतिष्ठानको निर्णयहरूको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

ग) अध्यक्षको निर्देशनमा अन्य कार्यहरू गर्ने,

घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै कार्यहरू गर्ने,

ङ) विधागत क्षेत्रको प्रगति विवरण बैठकमा पेस गर्ने ।

१६. **<u>सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रज्ञा प्रतिष्ठानको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अध्यक्षको अनुमतिमा बैठक बोलाउने,

ख) बैठकका निर्णयहरू अभिलेखिकरण तथा कार्यान्वयन गर्ने, गराउने,

ग) सदस्यहरूलाई संस्थाका निर्णयहरू जानकारी गराउने,

घ) कार्यालय व्यवस्थापन गर्ने,

ङ) अध्यक्ष तथा समितिवाट निर्देशित कार्यहरू गर्ने,

च) प्रतिष्ठानका सम्पूर्ण अभिलेखहरू अद्यावधिक राख्ने,

१७ सहसचिव**<u>को काम, कर्तव्य र अधिकारः</u>** (१) प्रज्ञा प्रतिष्ठानको सह सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

ख) सचिवको काममा सहयोग पुऱ्याउने,

१८. **<u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रज्ञा प्रतिष्ठानको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) कोषको हिसाव किताव चुस्तदुरुस्त राख्ने वा राख्न लगाउने,

ख) लेखापरीक्षण गर्ने व्यवस्था गर्ने, गर्न लगाउने,

ग) वार्षिक बजेट तथा कार्यक्रम बनाउने,

घ) अध्यक्ष तथा समितिवाट निर्देशित कार्यहरू गर्ने ।

१९. **<u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रज्ञा प्रतिष्ठानको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) बैठकमा सक्रिय सहभागी भई उपयुक्त निर्णयमा पुग्न सघाउ पुऱ्याउने,

ख) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने,

ग) प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष तथा सचिवका कार्यहरूमा सहयोगी बन्ने,

घ) आफूलाई जिम्मा दिइएका कार्यहरूलाई कुशलतापूर्वक पूरा गर्ने ।

परिच्छेद -८
<u>विधागत समिति</u>

२०. विधागत समितिः (१) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको उन्नयन, विकास संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार देहाय बमोजिमका विधागत समिति प्रज्ञा प्रतिष्ठानले प्राज्ञ सभाका सदस्यहरू मध्येबाट गठन गर्न सक्नेछ ।

क) भाषा, साहित्य प्रवर्धन समिति बढिमा ३ सदस्यीय

ख) ललित कला प्रवर्धन समिति बढिमा ३ सदस्यीय

ग) संगीत तथा नाट्य प्रवर्धन समिति बढिमा ३ सदस्यीय

घ) दर्शन तथा समाजशास्त्र प्रवर्धन समिति बढिमा ३ सदस्यीय

(२) उपदफा १ बमोजिम गठन हुने समितिहरूको संयोजक जेष्ठ सदस्यले गर्नेछ । उपरोक्त अनुसारको समितिमा १ जना सदस्य हुनु पर्नेछ ।

(३) उपदफा १ बमोजिम गठन हुने समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

परिच्छेद– ९

पद रिक्त हुने सम्बन्धी व्यवस्था

२१. **पद रिक्त हुने अवस्था:** (१) देहायको अवस्थामा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूको पद रिक्त हुनेछ

क) पदावधि समाप्त भएमा,

ख) राजीनामा दिई राजिनामा स्वीकृत भएमा,

ग) शारीरिक वा मानसिक रूपमा कार्य गर्न सक्षम नभएको प्रमाणित भएमा,

घ) नैतिक पतन वा फौजदारी अभियोगमा सजाय पाएमा,

ङ) मृत्य भएमा,

च) दफा २२ अनुसार पदबाट हटेमा ।

२२. **पदबाट हटाउन सक्ने:** (१) देहायको अवस्थामा प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूलाई पदबाट हटाउन सकिनेछ ।

क) पद अनुकूल आचरण नगरेको, ऐनको उल्लङ्घन गरेको, प्रतिष्ठानको हित विपरीत कार्य गरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण खुलाई प्रतिष्ठानमा तत्काल कायम रहेका कम्तीमा दुई तिहाई सदस्यहरूले हस्ताक्षर गरी अध्यक्ष समक्ष निवेदन दिएमा प्रतिष्ठानको बैठकको निर्णय अनुसार पदमुक्त गर्न सकिनेछ ।तर, पदमुक्त गर्ने निर्णय लिनुभन्दा पहिले सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाइको अवसर प्रदान गर्नुपर्नेछ ।

ख) प्रज्ञा प्रतिष्ठान निस्क्रिय भई ६ महिनासम्म पनि बैठक बस्न नसकेमा वा विवादमा परी आवश्यक निर्णय लिन असमर्थ भएमा एक चौथाई सदस्यहरूले प्राज्ञ सभाको बैठक आव्हान गर्न सक्नेछन् ।

ग) धनकुटा नगरपालिका प्राज्ञ सभा सम्बन्धी कुनै विवाद भएमा धनकुटा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ

परिच्छेद- १०

विविध

२३. **मानार्थ सदस्यता सम्बन्धी व्यवस्था:** (१) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका स्वदेशी वा विदेशी व्यक्तिहरूलाई प्रज्ञा प्रतिष्ठानको सिफारिसमा, प्राज्ञ सभाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । प्रतिष्ठानका मानार्थ सदस्यहरूलाई मतदानको अधिकार हुनेछैन ।

२४. **प्रगति प्रतिवेदन:** (१) प्रतिष्ठानले वर्षभरि गरेका समग्र रचनात्मक कार्यहरूको प्रगति प्रतिवेदन प्रत्येक वर्ष अध्यक्षले नगर प्रमुख मार्फत् नगर कार्यपालिकामा पेस गर्नुपर्नेछ ।

२५. **अधिकार प्रत्यायोजन:**(१) अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) प्राज्ञ सभाले आवश्यकता भएमा आफ्ना केही वा कुनै अधिकार प्रज्ञा प्रतिष्ठानलाई प्रत्यायोजन गर्न सक्नेछ ।

ख) प्रतिष्ठानको कार्यचापलाई हेरी अध्यक्षले सचिवलाई केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **शपथः** (१) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रतिष्ठानका अध्यक्षले नगरप्रमुख समक्ष तथा उपाध्यक्ष, सचिव, सहसचिव कोषाध्यक्ष र प्रज्ञा प्रतिष्ठानको सदस्यहरूले अध्यक्ष समक्ष अनुसूची- १ बमोजिम तोकिएको ढाँचामा शपथ लिनुपर्नेछ ।

२७. राजिनामाः (१) प्रतिष्ठानका अध्यक्षले नगरप्रमुख समक्ष तथा उपाध्यक्ष, सचिव, सह सचिव कोषाध्यक्ष र प्रज्ञा प्रतिष्ठानको सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा पेश गर्नु पर्नेछ ।

२८. **कार्यविधि नियम बनाउन सक्नेः** (१) धनकुटा नगरपालिकाले यस ऐनले राखेको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यविधि, नियमावली र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

२९. संशोधन र खारेजीः (१) यो ऐन आवश्यकता अनुसार नगर सभाले संशोधन वा खारेज गर्न सक्नेछ ।

३०. प्रचलित कानून लागु हुनेः (१) प्रचलित कानूनमा व्यवस्था भएका विषयहरूका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

अनुसूची १

(दफा २७ सँग सम्बन्धित)

शपथ

म .... देश र जनताप्रति पूर्ण वफादर रही सत्यनिष्ठापूर्वक देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रही धनकुटा नगरपालिका प्रज्ञा प्रतिष्ठानको .... पदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई, इमान्दारीसाथ गर्नेछु र कर्तव्यपालनको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु कूनै अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

१. नामः
२. पदः
३. हस्ताक्षरः
४. मितिः

(ग) सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१

प्रस्तावनाः

धनकुटा नगरपालिका क्षेत्रको यातायात व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बमोजिम धनकुटा नगरपालिकाको नगर सभाले यो ऐन जारी गरेको छ ।

परिच्छेद—१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “धनकुटा नगरपालिका, सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “अनुगमन समिति” भन्नाले ऐनको दफा १६ बमोजिम गठित अनुगमन समितिलाई सम्झनु पर्छ ।

(ख) “प्रमुख” भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) “उपप्रमुख” भन्नाले धनकुटा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) “ऐन” भन्नाले धनकुटा नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१ लाई सम्झनुपर्छ।

(ङ) “कार्यपालिका सदस्य” भन्नाले धनकुटा नगरपालिका नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ।

(च) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएबमोजिम सम्झनु पर्छ ।

(छ) “टिकट” भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकटलाई सम्झनु पर्छ । यस शब्दले ई–टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई बुझाउने छ ।

(ज) “नगर सभा सदस्य” भन्नाले धनकुटा नगरपालिकाको नगर सभाको सदस्यलाई सम्झनु पर्छ ।

(झ) “निर्धारित” भन्नाले प्रचलित कानुनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा धनकुटा नगरपालिकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समयसमयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनु पर्छ।

(ञ) “न्याय प्रशासक” भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) “पार्किङ्गस्थल” भन्नाले सवारी राख्न निर्धारण गरेको स्थललाई सम्झनु पर्छ ।

(ठ) “प्रदूषण” भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषणलाई सम्झनु पर्छ ।

(ड) “प्रदेश कानुन” भन्नाले प्रदेश सभा, कोशी प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्वद्ध कानुनलाई सम्झनु पर्छ ।

(ढ) “बस बिसौनी” भन्नाले यात्रु बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थललाई सम्झनु पर्छ ।

(न) “नगरपालिका” भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ ।

(त) “रुपान्तरण” भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनु पर्छ ।

(थ) “वातावरणमैत्री सवारी साधन” भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा नगरपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्छ ।

(द) “विद्युतीय सवारी साधन” भन्नाले विद्युतीय प्रसारण लाईन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधनलाई सम्झनु पर्छ ।

(ध) “सङ्घीय कानुन” भन्नाले सङ्घीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुनलाई सम्झनु पर्छ ।

(न) “संस्था” वा “कम्पनी” भन्नाले प्रचलित कानुनबमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनु पर्छ ।

(प) “सम्बन्धित निकाय” भन्नाले नगरपालिका क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारबाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैरसरकारी सङ्घ संस्थालाई समेत सम्झनु पर्छ ।

(फ) “सार्वजनिक यातायात” भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस, मिनिबस, माईक्रोबस लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधनलाई सम्झनु पर्छ ।

(ब) “सेवा प्रदायक” भन्नाले सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापित सङ्घ संस्था, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(भ) प्रमुख प्रशासकिय अधिकृत” भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

परिच्छेद—२
टिकट सम्बन्धी व्यवस्था

३. टिकटको प्रयोगः (१) सार्वजनिक यातायात सञ्चालनमा कागजी र विद्युतीय यात्री टिकटहरु प्रयोग गर्न सकिने छ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नुपर्ने छ ।

४. टिकट अनिवार्य दिनुपर्नेः (१) सार्वजनिक यातायातका साधनमा चढ्नुभन्दा पहिले वा चढे लगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित सहचालकको हुने छ ।

(२) विद्युतीय टिकट रहेको खण्डमा इ—टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्ने छ ।

(३) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु नगरपालिकाले तोके बमोजिम हुने छ ।

(४) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

५. टिकट अनिवार्य लिनुपर्नेः नगरपालिका क्षेत्रभित्र रुट कायम भई सञ्चालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढे लगत्तै निर्धारित भाडा तिरी अनिवार्य टिकट लिनुपर्ने छ ।

६. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानुनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायबाट जारी भएको परिचयपत्र देखाउनुपर्ने छ ।

परिच्छेद—३
सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व

७. संस्था वा कम्पनीको दायित्वः (१) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व देहाय बमोजिम हुने छः—

(क) यात्रीहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओराल्ने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

ख) यात्री वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र सहचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त, बालबालिका, ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र सहचालकले प्रचलित कानुनबमोजिमको कार्य र आचरण गरे नगरेको सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृतिबेगर विज्ञापन नगर्ने,

(ञ) नगरपालिकाबाट अनुमति वा नवीकरण प्राप्त नगरी नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन नगर्ने,

(ट) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादरबमोजिम भाडा लिने व्यवस्था मिलाउने,

(ठ) कार्तिकदेखि माघ मसान्तसम्म बिहान ६ बजेदेखि राती ७ बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ४ बजेदेखि राती ८ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा सवारी साधन चल्ने व्यवस्था मिलाउने,

(ड) नगरपालिकाले समयसमयमा तोकेको मापदण्ड पूरा नभएका साधन नचलाउने,

(ढ) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

(ण) नगरपालिकाबाट अनुमतिप्राप्त सक्षम एवम् योग्य बर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने,

(त) नगरपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने,

(थ) नगरपालिकाबाट समय समयमा तोकेका कार्यहरु गर्ने गराउने ।

(२) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीले देहायको कार्य गर्नेतर्फ निर्देशित हुनुपर्ने छः

(क) यात्रीको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधन (बस) भित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर राख्न सकिने व्यवस्था गर्ने,

(घ) यात्रीवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवासम्बन्धी जानकारी दिन टोल फ्री– नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक सञ्जाल, भ्वाईसकल लगायतका प्रविधि जडान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोबाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थिति प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउन,

(च) संस्था कम्पनीले तोकिए बमोजिमको ढाँचामा दर्ता/नवीकरणका लागि तोकिए बमोजिम कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(छ) यात्रीहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक रूपमा मान्य हुने टिकटहरु जारी गर्ने,

(ज) कम्तिमा दस कक्षा उत्तीर्ण गरेका व्यक्तिलाई चालक तथा सहचालकमा नियुक्ति गर्ने,

(झ) खनिज इन्धनका सवारी साधनलाई विद्युतबाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने ।

परिच्छेद—४

सवारी चालक, सह-चालक तथा यात्रीसम्बन्धी व्यवस्था

८. सवारी चालकः देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिमको सवारी चालक इजाजत प्राप्त गरेका,

(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको,

(घ) नेपाली नागरिक,

(ङ) कम्तीमा कक्षा १० उत्तीर्ण गरी पाँच वर्ष सवारी चालकको अनुभव प्राप्त गरेको ।

९. सह चालकः देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको सहचालक हुन योग्य मानिनेछः

(क) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ख) कुनै प्रचलित कानुनले अयोग्य नरहेको,

१०. चालक, सह-चालक तथा यात्रीलाई प्रशिक्षणः (१) नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित चालक, सह-चालक तथा यात्रीहरुलाई सार्वजनिक यातायातसम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायातसम्बन्धी सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालक तथा सह—चालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा सह—चालकहरुलाई नगरपालिकाबाट अनूसूची—१ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गरिने छ ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदल यात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइने छ ।

परिच्छेद—५

कर्तव्य तथा निषेधित कार्य

११. यात्रीको कर्तव्यः (१) सार्वजनिक यातायात सेवा प्रयोग गर्ने यात्रीले चालक, सहचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायातमा यात्रा गर्दा देहायका कार्य गर्नु हुँदैनः

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा कुनै शर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छुटका लागि दाबी गर्ने,

(च) नक्कली परिचयपत्रबाट सुविधा लिन प्रयत्न गर्ने,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर सङ्कलन गर्न राखिएको भाँडोबाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डरधाक धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) बगली मार्ने वा चोरी गर्ने,

(त) प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१२. चालकको कर्तव्यः (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले यात्री सहचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुँदैन।

(क) निर्धारित पार्किङ्गस्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समयभन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रीलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामाबाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(ज) जथाभावी पार्किङ्ग गर्ने,

(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ट) यौनजन्य दुर्व्यवहार गर्ने,

(ठ) प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१३. सह-चालकको कर्तव्यः (१) सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न सह-चालकले यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न सह—चालकले देहायका कार्य गर्नु हुदैंन

(क) यात्रीसँग निर्धारितभन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) निर्धारित पोशाक नलगाई सार्वजनिक यातायातको साधनमा सह-चालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ज) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१४. पैदल यात्रीको दायित्वः (१) मानिस हिंड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंड्नुपर्ने छ। पेटी नभएको सडकमा हिंड्दा सो सडकको किनारा तर्फबाट हिंड्ने गर्नुपर्ने छ ।

(२) पैदल हिड्ने मानिसले बाटो काटनुपर्दा जेब्रा क्रसिङ, सब-वे, वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम यात्रा गर्ने पैदल यात्रीले देहायका कार्य गर्नु हुदैंनः

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवतजावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने गराउने,

(घ) नगरपालिकाले समयसमयमा गर्न नहुने भनी तोकिएका कार्यहरु गर्ने ।

परिच्छेद—६

समन्वय तथा अनुगमनसम्बन्धी व्यवस्था

१५. समन्वय गर्नेः नगरपालिकाले सहरी सुव्यवस्थापनका लागि सार्वजनिक यातायात प्रणालीमा समयानुकूल आफ्नो नीति तर्जुमा गर्न, नियमन गर्न, एकीकृत यातायात अवधारणा अनूरुप सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापन गर्न, सार्वजनिक यातायातमा नवीन अवधारणा अवलम्बन गर्न तथा सार्वजनिक यातायात सेवाको गुणस्तर वृद्धि गरी समग्र यातायात सेवा प्रणालीमा प्रभावकारिता वृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सार्वजनिक यातायात सेवा प्रदायक संस्था तथा कम्पनी, उपभोक्ता हित संरक्षण सम्वद्ध सङ्घ संस्थाहरु, सुरक्षा निकाय, ट्राफिक प्रहरी, आमसञ्चारका क्षेत्र, नागरिक समाज समेतसँग छलफल, अन्तरक्रिया र परामर्श गरी सरोकारवाला निकायहरु बीचमा समन्वय गर्ने छ ।

१६. अनुगमन समितिसम्बन्धी व्यवस्थाः (१) सार्वजनिक यातायात सेवा प्रदायकले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय सार्वजनिक यातायातको सञ्चालन गरे नगरेको, चालक, सह-चालक तथा यात्रीले ऐनबमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुनबमोजिम कारबाही गर्न/गराउन देहाय बमोजिमको समिति गठन हुनेछः

(क) प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य - संयोजक

(ख) नगरसभा सदस्य मध्येबाट प्रमुखले तोकेको कम्तिमा एक जना महिला सहित २ जना - सदस्य

(ग) जिल्ला ट्राफिक प्रहरी महाशाखा प्रमुख वा निजले तोकेको ट्राफिक प्रहरी प्रतिनिधि - सदस्य

(घ) नगरपालिका नगर प्रहरी प्रमुख - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएका नगर कार्यपालिकाका अधिकृत स्तर सातौ तहका अधिकृत - सदस्य

(च) सार्वजनिक यातायात सेवा प्रदायक संस्था वा कम्पनीमध्येबाट प्रमुखले तोकेको एक जना व्यक्ति - सदस्य,

(छ) उपभोक्ता हित संरक्षण सम्वद्ध सङ्घ संस्थाहरुमध्येबाट प्रमुखले तोकेको एक जना - सदस्य

(ज) नगरपालिकाको यातायात व्यवस्थापन हेर्ने शाखा/उपशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) मा उल्लिखित व्यक्तिको पदावधि ३ वर्षको हुने छ

(३) उपदफा (१) को समितिले जुनसुकै स्थान तथा समयमा सार्वजनिक यातायात सेवाको नियमन गर्न, चेकजाँच गर्न, आवश्यक निर्देशन दिन, आवश्यक कारबाही गर्न तथा नियमित कारबाहीको लागि घुम्ती निरीक्षक तोक्न वा सम्बन्धित निकायमा लेखि पठाउन सक्ने छ ।

(४) उपदफा (१) मा उल्लेखित कुनै व्यक्तिको कार्य सन्तोषजनक नलागेमा नगर कार्यपालिकाले त्यस्तो व्यक्ति हटाई सम्बन्धित क्षेत्रको अर्को व्यक्तिलाई नियुक्त गर्न/गराउन सक्ने छ ।

(५) अधिकार प्राप्त जनप्रतिनिधिहरु वा कर्मचारीहरुले अनुगमन गरी कसैबाट ऐन विपरीतको कार्य भए परिच्छेद -७ बमोजिम सजाय गर्न सक्ने छ ।

(६) उपदफा (१) को समितिले दिएको निर्देशनपालना गर्नु सेवा प्रदायक, चालक, सह-चालक, यात्री तथा तोकिएका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र घुम्ती निरीक्षकको कर्तव्य हुने छ ।

(७) उपदफा (१)बमोजिमको अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

परिच्छेद–७

सजायसम्बन्धी व्यवस्था

१७. सजायः(१)देहायको कसूर गर्नेलाई अनुगमन समितिले देहाय बमोजिमको सजाय गर्न सक्ने छः

(क) दफा ७ को उपदफा (१) को खण्ड (क) देखि (ज) सम्मको कार्य नगरी कसूर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु ५००।— (पाँच सय), दोश्रो पटक रु. १०००।— (एक हजार) र त्यसपछि प्रत्येक पटक रु. २०००।— (दुई हजार) जरिवाना हुने छ ।

(ख) दफा ७ को उपदफा (१) को खण्ड (झ) देखि (थ) सम्मको कसूर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु. १०००।— (एक हजार) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. २०००।— (दुई हजार) का दरले जरिवाना गरी एक हप्ताभित्रमा ऐनको व्यवस्था पालना गर्ने मौका दिनुपर्ने छ । सो अवधिमा पनि ऐनको व्यवस्था पालना नगरेमा यातायात सञ्चालनमा रोक लगाउनुपर्ने छ ।

(ग) दफा ११ को उपदफा (२) को खण्ड (क) देखि (च) सम्मको कसूर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु. २००।- (दुई सय) र दोश्रो पटकदेखि प्रत्येक रु. ५००।- (पाँच सय) जरिवाना हुने छ ।

(घ) दफा ११ को उपदफा (२) को खण्ड (छ) देखि (ञ) सम्मको कसूर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु. ३००।— (तीन सय) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. ५००।— (पाँच सय) जरिवाना हुने छ ।

(ङ) दफा ११ को उपदफा (२) को खण्ड (ट) देखि (त) सम्मको कसूर गर्ने यात्रीलाई तत्काल सार्वजनिक यातायातको साधनबाट बाहिर निकाली आवश्यक कारबाहीको लागि नजिकमा रहेको ट्राफिक प्रहरी, नगर प्रहरी वा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई जिम्मा लगाउनुपर्ने छ । उल्लिखित कसूर गर्ने यात्रीलाई रु. १०००।— (एक हजार) जरिवाना हुने छ ।

(च) दफा १२ को उपदफा (२) को खण्ड (क) देखि (ङ) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु. ५००।— (पाँच सय) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. १०००।— (एक हजार) जरिवाना हुने छ ।

(छ) दफा १२ को उपदफा (२) को खण्ड (च) देखि (ज) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु. ५००।- (पाँच सय) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. १०००।- (एक हजार) जरिवाना हुने छ ।

(ज) दफा १२ को उपदफा (२) को खण्ड (झ) देखि (ठ) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु. १०००।- (एक हजार) र दोश्रो पटक समेत सोही कसूर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गरिने छ । अनुगमन समितिले गरेको सिफारिस बमोजिम कारबाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुने छ ।

(झ) दफा १३ को उपदफा (२) को खण्ड (क) देखि (घ) सम्मको कसूर गर्ने सह-चालकलाई पहिलो पटकको लागि रु. ५००।- (पाँच सय) र दोश्रो पटकदेखि रु. १०००।- (एक हजार) जरिवाना हुने छ।

(ञ) दफा १३ को उपदफा (२) को खण्ड (ङ) देखि (ज) सम्मको कसूर गर्ने सह—चालकलाई पहिलो पटकको लागि रु.१०००।- (एक हजार) र दोश्रो पटकमासमेत सोही कसूर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गरिने छ । अनुगमन समितिले गरेको सिफारिस बमोजिम कारबाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुने छ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम यातायात सञ्चालनमा रोक लगाउने तथा खण्ड (ज) र खण्ड (ञ) बमोजिमको कारबाही गर्नुअघि त्यस्तो व्यक्तिलाई सुनुवाइको मौका दिनुपर्ने छ ।

(३) यस दफामा लेखिएका व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने कुनै पनि कारबाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ङ) बाहेकका सजाय सम्बन्धमा चित्त नबुझने पक्षले सजाय पाएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाको न्यायप्रशासक मार्फत प्रमुखसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) यस दफामा उल्लेखित कसूरका सम्बन्धमा प्रमुखले गरेको निर्णय अन्तिम हुने छ ।

(६) यस परिच्छेदबमोजिम सजाय भएकोमा त्यसको अभिलेख अद्यावधिक गर्नु/गराउनु अनुगमन समितिको कर्तव्य हुने छ ।

परिच्छेद-८
विविध

१८. यातायात प्रवद्र्धन कोषः (१) नगरपालिका क्षेत्रभित्रका यातायात सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले एक छुट्टै यातायात प्रवर्धन कोष खडा गर्ने छ । यस कोषमा देहायबमोजिमका रकम जम्मा हुने छन्ः

(क) नगरपालिकाको नगर सभाबाट विनियोजित रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकारबाट यातायात क्षेत्र प्रवर्धनका लागि प्राप्त रकम,

(ग) ऐनबमोजिम जरिवाना बापत सङ्कलन हुने रकम,

(घ) स्वदेशी तथा विदेशी सङ्घ संस्था, व्यक्तिबाट यातायात क्षेत्र प्रवर्धनका लागि प्राप्त सहयोग रकम,

(ङ) अन्य ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन गर्न देहायबमोजिमको एक समिति गठन हुनेछः

(क) दफा १६ बमोजिमको समितिको संयोजक -संयोजक

(ख) प्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य -सदस्य

(ग) लेखा प्रमुख वा निजले तोकेको लेखा अधिकृत -सदस्य

(घ) नगर प्रहरी प्रमुख -सदस्य

(ङ) नगरपालिकाको यातायात व्यवस्थापन हेर्ने शाखा/उपशाखाको प्रमुख -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिले कोषको समुचित प्रयोग गरी सहरी यातायात व्यवस्थापन गर्नुपर्ने छ ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेका काम कारबाहीको प्रतिवेदन प्रमुख मार्फत् कार्यपालिकामा पेस गर्नुपर्ने छ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिएबमोजिम हुने छ ।

१९. यात्री बीमासम्बन्धी व्यवस्थाः सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानुनले तोकेबमोजिम बीमा गर्नुपर्ने छ ।

२०. यातायातको सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध सङ्घ संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको सञ्चालन तथा व्यस्थापन गर्न सक्ने छ ।

२१. कार्यपालिकाको अधिकारः (१) प्रचलित कानुनबमोजिमका अन्य अधिकारका अतिरिक्त कार्यपालिकालाई देहायको अधिकार हुनेछः

(क) यातायात व्यवस्थापनसम्बन्धी नीति तर्जुमा गर्ने, आवश्यक मापदण्ड तथा योजना बनाई कार्यान्वयन गर्ने/गराउने,

(ख) नगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्न रुट निर्धारण गर्ने, मूल सडक, सहायक सडक र भित्री सडकमा चल्ने यातायात साधनको वर्गीकरण गर्ने, एकतर्फी सडक सञ्चालन सम्बन्धी निर्धारण गर्ने, सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने, पार्किङ्ग क्षेत्र निर्धारण गर्ने, रुटमा सवारी चलाउन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने, भाडादर निर्धारण गर्ने र सोको नियमन गर्ने, सेवाको गुणस्तर कायम गराउने तथा गुणस्तर कायम नगर्ने संस्था वा कम्पनीलाई प्रदान गरिएको रुट चलाउने अनुमति खारेज गर्ने,

(ग) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम-संवेदनशील, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

घ) फुटपाथ, जेब्रा-क्रस, बस, टेम्पो, मोटर साइकल पार्किङ्गस्थलको मापदण्ड बनाउने, कार्यान्वयन गर्ने/गराउने,

(ङ) ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,

(च) वर्कशप दर्ता तथा नवीकरणको व्यवस्था मिलाउने,

(छ) सडक जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्था मिलाउने,

(ज) सडक सुरक्षा प्रवर्धन तथा सुशासन कायम गराउने,

(झ) खनिज इन्धनका सवारी साधनलाई विद्युतबाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गराउने,

(ञ) विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने चार्जिङ्ग स्टेशन निर्माण तथा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने,

(ट) दिगो यातायात प्रणालीलाई संस्थागत गर्ने विद्युतीय सवारी साधन खरिद गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सहुलियतको लागि समन्वय गर्ने ।

(२) कार्यपालिकाले यस दफा बमोजिम आफूलाई प्राप्त अधिकार प्रमुख वा उपप्रमुख वा वडा समितिको अध्यक्ष वा कार्यपालिकाअन्तर्गतका समिति वा उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

२२. अन्य प्रकारका सवारी साधनलाई समेत लागु हुनेः यस ऐनमा उल्लेख भएका व्यवस्थाहरुमध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागु हुने छः-

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने,

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने,

(ग) निर्धारित स्थानबाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने,

(घ) निर्धारित मापदण्ड भन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने,

(ङ) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनुपर्ने,

(च) निर्धारित अधिकतम गतिभन्दा तीव्र गतिमा सवारी साधन नचलाउने,

(छ) पैदल यात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने,

(ज) आकस्मिक सेवामा सञ्चालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने,

(झ) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली वा फोहोर राख्ने भाडो राख्ने,

(ञ) प्रचलित कानुनबमोजिम पालना गर्नु पर्ने अन्य कुरा ।

२३. विशेष सहुलियत दिन सकिनेः नगरपालिकाले सहरी बस, बिजुली बस, वातावरणमैत्री बस जस्ता यातायातका साधनहरु सञ्चालनमा ल्याउने संस्था वा कम्पनीलाई विशेष सहुलियत दिन सक्ने छ ।

२४. जनचेतना कार्यक्रम गर्न सक्नेः नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

२५. घरपालुवा पशुपन्छी छाड्न नहुनेः सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपन्छी छाड्न हुँदैन ।

तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२६. बाधा—अड्काउ फुकाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा—अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा—अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने छ । त्यसरी कार्यपालिकाबाट भएको बाधा— अड्काउको व्यवस्था त्यस पछि बस्ने नगर सभाबाट अनुमोदन गराउनुपर्ने छ ।

२७. प्रचलित कानुनबमोजिम हुनेः यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम हुने छ ।

२८. नियम, निर्देशिका, मापदण्ड बनाउने अधिकारः कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका र मापदण्ड बनाउन सक्ने छ ।

अनुसूची—१

ऐनको दफा १० को उपदफा (३) सँग
सम्बन्धित धनकुटा नगरपालिका
सार्वजनिक यातायातका चालक/सह—चालक
परिचय—पत्र

चालक/परिचालकको नाम, थरः
ठेगानाः
चालक/परिचालक परिचयपत्र नं. लाइसेन्स नंः
सम्पर्क नं.
ब्लड ग्रुप

....
प्रमाणित गर्नेको दस्तखत

(ग) आधारभूत स्वास्थ्य सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१

प्रस्तावनाः

धनकुटा नगरपालिका क्षेत्रको आधारभूत स्वास्थ्य व्यवस्थापनका लागि कानून तर्जुमा गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम धनकुटा नगर सभाले धनकुटा नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ स्वीकृत गरेको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम "धनकुटा नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१" रहने छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले धनकुटा नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा सञ्चालन ऐन, २०८१ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले संघीय स्वास्थ्य ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले धनकुटा नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरूको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अनुसारको स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसारको स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई तथा नीजि क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था समेतलाइई सम्झनु पर्दछ ।

परिच्छेदः २
आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरू : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू ३ प्रकारका हुनेछन् :

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरू सरकारी वा सामुदायिक स्वास्थ्य सेवा केन्द्र हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, स्वास्थ्य क्लिनिक, प्रयोगशालाहरू निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरू हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्था ट्रष्ट वा लोककल्याणकारी संस्थाहरू मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछन ।

४.स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्ड: नेपाल सरकारबाट जारी भएको स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ ले निर्धारण गरे बमोजिम हुने छ।

५. आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार:

(१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुने छ:

(क) प्रमुख - अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरू मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(च) स्वास्थ्य सेवा उपशाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने।

(घ) स्वास्थ्य संस्थाहरूको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरू र स्वास्थ्य सेवा प्रदायकहरूको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

६.स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार:

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ।

(क) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशिल वडावासीमध्ये वडा समितिबाट मनोनित महिला १ जना सदस्य

(घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक सदस्य

(ङ) वडाभित्रका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्येबाट यस समितिले मनोनयन गरेको १ जना सदस्य

(च) स्थानीय व्यापार संघको प्रतिनिधि सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव

यस समितिको संरक्षक प्रमुख हुनेछ ।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम, कर्तव्य निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समितिमा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरूको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ)सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(ङ)घुम्ति स्वास्थ्य शिविर सञ्चालनका लागि सम्बन्धित निकायमा समन्वय तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरूलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. बैंक खाता संचालनः हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन स्वास्थ्य संस्थाको प्रमुखले गर्नु पर्नेछ भने नगरपालिकाले तोकेको दर्तावाला लेखापरीक्षकबाट लेखा परीक्षण गर्नुपर्नेछ ।

परिच्छेदः ३

स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले जनसंख्याको अनुपात र भौगोलिक क्षेत्रको आधारमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) जनशक्तिः स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरू

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरण: नेपाल सरकारबाट जारी भएको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ बमोजिम प्राथमिक उपचारका आधारभूत उपकरण लगायत अन्य सामग्रीहरू

(३) वडास्तरीय स्वास्थ्य संस्था: वडा स्तरीय स्वास्थ्य संस्था नगरपालिकाले प्रत्येक वडा तथा वडाको भौगोलिक अवस्थाका आधारमा एकै वडामा २ वटा पर्ने गरी कम्तिमा देहायका पूर्वाधार तयार गर्ने वडामा वडा स्तरीय स्वास्थ्य संस्था स्थापना गर्नेछ ।

(क) आवश्यक कोठा सहित आफ्नै भवन भएको

(ख) अहेव वा अनमी मध्ये १ जना जनशक्ति तथा अन्य सहायक कर्मचारी व्यवस्थापन भएको

(ग) प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्री भएको

(घ) संस्था सञ्चालनका लागि आवश्यक यन्त्र उपकरण लगायतका सेवा सुविधा उपलब्ध भएको ।

(४) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरूसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) भौगोलिक क्षेत्रको आधारमा गाउँघर क्लिनिक र खोप क्लिनिक संचालन गर्नुपर्नेछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा दफा १० बमोजिमको मापदण्ड पूरा गरेको पाइएमा १५ शैया सम्मको संचालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी नेपाल सरकारबाट जारी भएको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ पूरा गरेमा अस्पताल संचालनको स्वीकृति प्रदानका लागि देहाय बमोजिमको सिफारिस समितिले नगरपालिका समक्ष सिफारिस गर्नेछ :

क) मे.सु./मेडिकल अधिकृत १ जना - संयोजक

ख) ल्याब टेक्निसियन अधिकृत १ जना - सदस्य

ग) रेडियोग्राफर अधिकृत १ जना - सदस्य

घ) पब्लिक हेल्थ नर्स १ जना - सदस्य

ङ) सिभिल इन्जिनीयर १ जना - सदस्य

च) नगर कार्यपालिकाबाट मनोनित विज्ञ १ जना - सदस्य

छ) स्वास्थ्य सेवा उपशाखा प्रमुख - सदस्य सचिव

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः नगरपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरूले नेपाल सरकारबाट जारी भएको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ पूरा गर्नुपर्नेछ ।

११. स्वास्थ्य क्लिनिक संचालनको अनुमतिः

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले क्लिनिक संचालन गर्न चाहेमा निम्नानुसार मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ

(१) स्वास्थ्य क्लिनिकमा स्वास्थ्य जाँच गर्न चिकित्सक: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि :द्यद्यक वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ

(२) परामर्श सेवा दिने व्यक्तिः स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) क्लिनिकमा रेडियोलोजी इमेजिङ् सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टा छुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरू हुनुपर्नेछः-

(क) बिरामीको जाँच गर्न भ्ह्रबmष्लबतष्यल वा ब्अ कोठा कोठा सेवा अनुसारको छुट्टछुट्टै (कम्तीमा १४ वर्ग मिटरका)	१
(ख) बिरामी बस्ने ठाँउ (कुर्ने ठाउँ)	१
(ग) बिरामी जाँच्ने टेबुल	१
(घ) चिकित्सकका लागि टेबुल	१
(ङ) चिकित्सकका लागि कुर्सी	१
(च) बिरामी बस्ने टुल	१
(छ) शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित)	२
(ज) टेलिफोन, इन्टरनेट र ध्भद उबनभ	
(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्री	
(ञ) स्वच्छ पानीको आपूर्ति	
(ट) निरन्तर विद्युत आपूर्ति	

(५) सेवा अनुसारका आवश्यक औजार तथा उपकरणहरूको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरूको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीहरूको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) अनिवार्य रुपमा मासिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१२. प्रयोगशाला संचालनः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला संचालन गर्न चाहेमा डि र इ वर्गको प्रयोगशाला संचालनका लागि नेपाल सरकारबाट जारी भएको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ पूरा भएपश्चात् नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

१३. मापदण्ड पूरा नगरेमा सजाय हुनेः (१) स्वास्थ्य संस्था, प्रयोगशाला जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्ति रगत, दिशापिसाव, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

१४. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क नगरपालिका, वडाको सिफारिसमा १० प्रतिशत सेवाग्राहीहरूका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

परिच्छेदः ३

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयमसेवा सम्बन्धी व्यवस्था

१५. स्वास्थ्यकर्मीको व्यवस्थापनः नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरू रहने छन् :

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका, प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएका स्वास्थ्यकर्मीहरू

(२) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत सेवा करारमा लिइएका स्वास्थ्यकर्मीहरू

(३) **अभ्यासकर्ता**ः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विद्यार्थीहरू एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरूलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले काममा लगाउन सक्ने छ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि लिन सक्ने छ ।

(४) स्वास्थ्य **स्वयंसेवक वा स्वयंसेविका**

१६. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्य आमा समूहले छनौट गरी काममा लगाउन सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरू नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) प्रत्येक स्वयंसेविका र स्वयंसेवकहरूले आधारभूत स्वास्थ्य सम्बन्धी ९ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(३) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरू मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्ति गर्दा कम्तिमा १० कक्षा उत्तीर्णलाई मात्र छनौट गर्नुपर्नेछ ।

१७. स्वास्थ्यकर्मीको सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः प्रदेश सरकारले तोकेको तलब स्केल बमोजिमको तलव, अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) स्वयंसेवक/स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको खाना/यातायात खर्च उपलब्ध गराउन सकिनेछ ।

१८. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगरकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरबन्दी अनुसारका पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहने छन् । समायोजनमा नआएका कर्मचारीहरूको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने वा प्रदेश लोक सेवा आयोग समक्ष माग गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको स्वीकृत दरबन्दिका पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति

सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनछ :

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगरपालिकाको स्वास्थ्य सेवा उपशाखा प्रमुख – सदस्य

(ग) नगरपालिकाको योजना अनुगमन तथा प्रशासकीय अधिकृत – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. कर्मचारी सरुवाः

(१) स्थायी स्वास्थ्यकर्मीका हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ । विशेष परिस्थिति बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगर कार्यपालिकाको कार्यालयमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगर कार्यपालिकाको कार्यालयले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिकाका प्रमुख रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य सेवा उपशाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतको रोहवरमा योजना अनुगमन तथा प्रशासकीय अधिकृतले स्वास्थ्य

संस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य आधारभूत स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ।

२१. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेदः ४

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२२. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य सेवा उपशाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२३. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिद सार्वजनिक खरिद ऐन र धनकुटा नगरपालिकाको सार्वजनिक खरिद नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

२४. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण एवम् नष्ट गर्ने

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य सेवा उपशाखा शाखाले मिलाउने छ।

(२) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ।

(३) प्रयोग गर्न नमिल्ने, म्याद नाघेका औषधी नेपाल सरकारले तोकेको कार्यविधि अनुसार नष्ट गर्ने व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद ५

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२५. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरूको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

२६. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरू संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२७.सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्नजाने हानी नोक्सानीको क्षतिपूर्ति दिलाउन नगरपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस बमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) स्वास्थ्य सेवा सम्बन्धी कानून विपरीत गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड, जरिवाना एवम् सजाय गर्न सकिने छ ।

परिच्छेद ६

महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२८. रोग तथा रोगीहरूको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा महामारीका कारण कुनै नागरिकलाई सरुवा रोगबाट सुरक्षित गर्न वडा र पालिकास्तरीय द्रुत प्रतिकार्य टोली बनाई रोग नियन्त्रण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका रोगीहरूको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरूले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

२९. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरू बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३०. मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइने छ (

३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरू तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरूको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गरिने छ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

३१. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य सेवा उपशाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गराउनु पर्ने छ ।

(२) यसरी स्वीकृत भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले स्वयंसेवक र महिला स्वयंसेविकाहरू परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहरमैला पुनःप्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्ने छ ।

(६) सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद ७

विविध

३२. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि नगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

३३. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य सेवा उपशाखाले समन्वय गर्ने छ ।

३४. आमा समूह, धामी झाँक्री र आम्ची सेवाः आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी सो सेवाको क्रियाकलापलाई स्वास्थ्य सेवा उपशाखाले अनुगमन र नियमन गनेर्छ ।

३५. प्रगति प्रतिवेदनः नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य सम्बन्धी काम गर्ने संस्थाहरूले आफ्नो प्रगति प्रतिवेदनको विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३६. साझेदारीः नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरूसँग विभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरूबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ ।

३७. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ

३८. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ

३९.संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम यसै ऐन बमोजिम भएको मानिनेछ ।

४०. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐन कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले बाधा अडकाउ फुकाउनेछ । त्यस्तो बाधा अडकाउ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

४१. बचाउ र लागु नहुनेः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस ऐन अन्तर्गतका कुनै दफा उपदफा संघीय र प्रदेश ऐनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(ङ) राजस्व ऐन, २०८१

प्रस्तावना : धनकुटा नगरपालिकामा वित्तीय सुशासन कायम गर्दै, उपलब्ध स्रोत, साधनको उच्चतम, न्यायपूर्ण एवं प्रभावकारी रुपमा परिचालन गर्न तथा नेपालको संविधानले अङ्गिकार गरेको प्रगतिशील करको अवधारणालाई आत्मसात गरी स्थानीय तहको कर तथा राजस्वसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न र जनउत्तरदायी, पारदर्शी, प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले स्थानीय कर, सेवा शुल्क तथा दस्तुर निर्धारणलाई वैज्ञानिक बनाउने एवं सङ्कलनलाई सरल र व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरसभाले यो ऐन जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "धनकुटा नगरपालिका राजस्व ऐन, २०८१" रहेको छ ।
(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले धनकुटा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानुनबमोजिम स्थापना भएको कम्पनीलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानुन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँदछ ।

(घ) "कर अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८४) बमोजिम नियुक्त धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "कर एकाइ" भन्नाले धनकुटा नगरपालिकामा करसम्बन्धी काम कारबाही गर्ने धनकुटा नगर कार्यपालिकाको राजश्व प्रशासन उपशाखा वा वडा कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले कर सङ्कलन वा व्यवस्थापनका लागि तोकिएको अन्य एकाईलाई समेत बुझाउँदछ ।

(च) "करदाता" भन्नाले धनकुटा नगरपालिकालाई कर, शुल्क, सेवा शुल्क, दस्तुर बुझाउनुपर्ने कर्तव्य भएको व्यक्ति वा धनकुटा नगरपालिकाको भौगोलिक क्षेत्र भित्र नगरपालिका वा अन्य कुनै व्यक्ति वा सङ्घ संस्थासँग सम्झौताको माध्यमबाट व्यवसाय वा कारोबार वा उपयोग गरी आएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा कुनै कारबाही प्रकिया सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(छ) "कर निर्धारण" भन्नाले यस ऐन अनुसार कर निर्धारण गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारण कार्यलाई समेत जनाउँदछ ।

(ज) "कर राजस्व" भन्नाले ऐनको परिच्छेद-४ बमोजिम लाग्ने करलाई सम्झनु पर्छ ।

(झ) "कार्यपालिका" भन्नाले धनकुटा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ञ) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिका र मातहतका वडा कार्यालय समेतलाई सम्झनु पर्छ ।

(ट) "गैरकर राजस्व" भन्नाले ऐनको परिच्छेद-१७ बमोजिम लागेको गैरकर राजस्वलाई सम्झनु पर्छ ।

(ठ) "जग्गा" भन्नाले धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता कायम रहेको वा कानुनबमोजिमको कुनै प्रमाण भएको जग्गालाई सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त धनकुटा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "फर्म" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्मलाई सम्झनु पर्छ ।

(ण) "बाह्य विज्ञापन" भन्नाले धनकुटा नगर क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा वस्तुको बजारीकरण गर्न एक वा एकभन्दा बढी स्थानहरुमा प्रचारप्रसारको लागि राखिने व्यवसायिक विज्ञापन सामग्रीहरु फ्लेक्स बोर्ड, होर्डिङ्ग बोर्ड, नियोन साईन, डिजिटल बोर्ड, ग्लोसाईन बोर्ड, बाह्य विज्ञापनका अन्य सामग्री, सवारी साधनमा राखिने सबै किसिमका विज्ञापनलाई बाह्य विज्ञापनलाई सम्झनु पर्छ ।

(त) “भवन” भन्नाले नियमानुसार नक्सापास गरी वा नगरी घेरा बनाई निर्माण भएका घर, टहरा वा अन्य यस्तै प्रकृतिका संरचना समेतलाई सम्झनुपर्छ ।

(थ) “मन्त्रालय” भन्नाले स्थानीय तहले सम्पर्क गर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्छ ।

(द) “नगरपालिका” भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ ।

(ध) “वडा” भन्नाले धनकुटा नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

(न) “वडा अध्यक्ष” भन्नाले धनकुटा नगरपालिकाको वडाका वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(प) “वडा समिति” भन्नाले संविधानको धारा २२२ को उपधारा ४ र धारा २२३ को उपधारा ४ बमोजिम गठित वडा समितिलाई सम्झनु पर्छ ।

(फ) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति, कम्पनी, फर्म, एवं सङ्घ् संस्था समेतलाई सम्झनु पर्छ ।

(ब) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(भ) “सम्पत्ति” भन्नाले करदाताको नगरपालिका क्षेत्रभित्र
रहेको सम्पूर्ण घर र जग्गालाई सम्झनु पर्छ ।

(म) “एकिकृत सम्पत्ति कर” भन्नाले नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको एक वा एकभन्दा बढी घर र जग्गाको मूल्याङ्कन गरी उक्त मूल्यको आधारमा एकीकृत रुपमा लगाइने सम्पत्ति करलाई सम्झनु पर्छ ।

(य) “सभा” भन्नाले धनकुटा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(र) “श्रेस्ता” भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी खडा गरिएको हिसाव किताबको अभिलेखलाई सम्झनु पर्छ र सो शब्दले कारोबारलाई प्रमाणित गर्ने अन्य सबै प्रकारका कागजात, विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई बुझाउँदछ ।

परिच्छेद-२

राजस्वको सिद्धान्त, क्षेत्र र आधार

३. राजस्वसम्बन्धी सिद्धान्त : (१) नगरपालिकाको कर राजस्व सङ्कलन तथा व्यवस्थापन गर्दा देहायका सिद्धान्तलाई अवलम्बन गरिनेछ :-

(क) तिर्न सक्ने क्षमताको सिद्धान्त,
(ख) लाभको सिद्धान्त,
(ग) समानता र सरलताको सिद्धान्त,
(घ) प्रगतिशील करको सिद्धान्त,
(ङ) सुनिश्चितताको सिद्धान्त,
(च) सुविधाको सिद्धान्त,
(छ) स्वयं कर निर्धारणको सिद्धान्त ।

(२) गैरकर राजस्व सङ्कलन गर्दा उपलब्ध गराइने सेवा र सुविधा लाग्ने समयावधि, लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधार मानी दर निर्धारण गरिने छ ।

४. राजस्वका क्षेत्र र आधार : (१) नगरपालिकाले देहायका विषयक्षेत्र र आधारमा राजस्व सङ्कलन गर्नेछ :-

(क) नगरपालिका क्षेत्रभित्रका भवन र भवनले चर्चेको जग्गाको मूल्याङ्कनका आधारमा सम्पत्ति कर लगाइने छ ।

(ख) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तबरले बहालमा दिई प्राप्त हुने आम्दानी र आम्दानी हुनेगरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा त्यस्तो बहाल रकममा बहाल कर लगाइने छ ।

(ग) नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, सङ्घसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा व्यवसाय कर लगाइने छ ।

(घ) नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लागेको जग्गा बाहेकको अन्य जग्गामा मूल्यांकनको आधारमा भूमिकर (मालपोत) लगाइने छ ।

(ङ) नगरपालिका क्षेत्रभित्र गरिने सबै प्रकृतिका बाह्य विज्ञापनका सामग्रीमा विज्ञापनको प्रकृति, बनोट, आकार, प्रभाव र स्थान विशेषका आधारमा विज्ञापन कर लगाइने छ ।

(च) नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुमा सवारी साधनको किसिमका आधारमा प्रदेश सरकारले तोकेबमोजिम सवारी साधन कर लगाइने छ ।

(छ) नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा मनोरञ्जनको प्रकृति, स्थान विशेष, कारोबार र सोका प्रभावका आधारमा प्रदेश सरकारले तोकेबमोजिम मनोरञ्जन कर लगाइने छ ।

(ज) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुनले निषेध गरिएका बाहेकका ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने छ ।

(झ) नगरपालिका क्षेत्रभित्र तोकिएका पर्यटकीय स्थलहरुमा पर्यटक प्रवेश गर्दा पर्यटन शुल्क लगाइने छ ।

(ञ) नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत सवारी साधनको किसिम,स्थान विशेष र पार्किङ्ग अवधिका आधारमा पार्किङ्ग शुल्क लगाइने छ ।

(ट) नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा तोकिएबमोजिम बहाल बिटौरी शुल्क लगाइने छ ।

(ठ) नगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेसन पारित गर्दा प्रदेश सरकारले तोकबे मोजिम रजिष्ट्रेसन शुल्क लगाइने छ ।

(ड) नगरपालिकाबाट प्रवाह गरिने सेवामा तोकिएबमोजिम अन्य सेवा शुल्क तथा दस्तुर लगाइने छ ।

(ढ) नगरपालिका क्षेत्रभित्र प्रचलित कानुनबमोजिम कर्तव्य र दायित्व निर्धारण गरिएका व्यक्तिले गर्नु गराउनुपर्ने कार्य नगरे नगराएमा र नगर्नु नगराउनुपर्ने कार्य गरे गराएमा तोकिएबमोजिम दण्ड, जरिवाना लगाइने छ ।

(ण) यस दफाअर्न्तगतका अन्य खण्डहरुमा उल्लेखित भएकाबाहेक प्रचलित कानुनद्धारा नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्न आएका अन्य कर, दस्तुर तथा शुल्क लिन सकिने छ ।

(२) प्रचलित कानुनले नगरपालिकालाई अन्य कर तथा गैरकर राजस्वको क्षेत्राधिकार थप भएमा आर्थिक ऐनले तोकिएको आधारमा राजस्व असुल गरिने छ ।

परिच्छेद-३
सम्पत्ति करसम्बन्धी व्यवस्था

५. विवरण दाखिल गर्नुपर्ने : (१) प्रत्येक सालको आश्विन मसान्तसम्ममा यो ऐनअर्न्तगत सम्पत्ति कर तिर्नुपर्ने कर्तव्य तथा दायित्व भएका व्यक्तिले साधारणतः आफू बसोबास गरेको वडा कार्यालयसमक्ष आफ्नो सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिल गर्नु गराउनुपर्ने छ । तर, करदाताले आश्विन मसान्तभित्र सम्पत्तिको विवरण पेश नगरेको अवस्थामा नगरपालिकामा रहेको अभिलेखको आधारमा कर निर्धारण गर्न सकिने छ ।

(२) यस ऐनबमोजिम सम्पत्ति कर तिर्नुपर्ने व्यक्ति नाबालक, शारीरिक वा मानसिक अपाङ्गता भएका व्यक्ति भएमा निजको सम्पत्तिको विवरण दाखिल गर्ने गराउने कर्तव्य निजको संरक्षकको हुने छ ।

(३) एकभन्दा बढी व्यक्तिहरूको स्वामित्वमा रहेको सम्पत्तिको विवरण त्यस्तो संयुक्त स्वामित्व भएका व्यक्तिहरूमध्ये कुनै एक व्यक्तिले दाखिल गर्न सक्ने छ ।

(४) एकभन्दा बढी वडा क्षेत्रमा सम्पत्ति हुने करदाताले पेस गर्नुपर्ने सम्पत्तिको विवरणमा त्यस्तो करदाताले आफ्नो सबै घर जग्गाको फाँटवारी तथा आफूले अन्तिम कर निर्धारण गराउन चाहेको सम्पत्ति रहेको वा बसोबास भएको वडा कार्यालयमा पेस गर्नुपर्ने छ ।

(५) करदाताले नगरपालिका क्षेत्रभित्रको आफ्नो स्वामित्वको सम्पत्तिमा थपघट भएमा आर्थिक वर्ष सुरु भएको मितिले तीन महिनाभित्र नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा सोको विवरण पेस गर्नुपर्ने छ ।

(६) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको अभिलेख दुरुस्त राख्नुपर्ने छ ।

६. **सम्पत्तिको मूल्याङ्कन :** (१) सम्पत्ति कर निर्धारण प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्गफिट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने छ । तर, पाँच हजार चार सय छयहत्तर वर्गफिट (१ रोपनी) भन्दा बढीमा भवन निर्माण भएको रहेछ भने भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा र थप पाँच हजार चार सय छयहत्तर वर्गफिट (१ रोपनी) जग्गा मूल्याङकनमा समावेश गरी कर निर्धारण गरिने छ ।

(२) नगरपालिकाबाट नक्सा स्वीकृत हुँदा निजले पेस गरेको जग्गामा पछि घर र जग्गा थप हुन आएमा सो घर जग्गा समेत समावेश गरी कर निर्धारण गरिने छ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम कर निर्धारणको लागि कायम भएको जग्गा कटाएर बाँकी रहेको जग्गामा भूमिकर मात्र लगाई असुल गरिने छ ।

(४) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सापास गरी वा नगरी, चौघेरा हाली निर्माण भएको स्थायी वा अस्थायी घर, टहरा, छप्पर, सेड जस्ता संरचना समेतलाई सम्पत्ति कर प्रयोजनका लागि घर मानी मूल्याङ्कन गरी कर निर्धारण गरिने छ ।

(५) आर्थिक वर्षको पहिलो दिन जसको स्वामित्वमा सम्पत्ति रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा रहेको मानी कर निर्धारण गरिने छ । कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार अन्यथा संयुक्त स्वामित्व मानी कर निर्धारण गरिने छ ।

(६) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहायबमोजिमका आधारमा गरिनेछ :-

(क) घर जग्गाको आकार, प्रकार र बनोट,
(ख) घर जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रास कट्टीपछिको मूल्य,
(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,
(घ) कुनै घर वा घरको केही भाग भत्केकोले सो भाग मूल्याङ्कनमा समावेश नगरी कर निर्धारण गरी पाउँ भनी कुनै करदाताले निवेदन दिएमा सम्बन्धित वडाका प्राविधिकले दिएको स्थलगत प्रतिवेदन ।

७. **सम्पत्ति मूल्याङ्कन दर र आधार** : सम्पत्तिको मूल्याङ्कन दर र आधार आर्थिक ऐनले तोकेबमोजिम हुने छ ।

८. **सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समिति** : (१) सम्पत्ति कर प्रयोजनको लागि घर जग्गा मूल्याङ्कन दर निर्धारण गर्न देहायबमोजिम सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समिति गठन गर्नेछ :-

(क) उपप्रमुख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) मालपोत कार्यालयको प्रमुख वा प्रमुखले तोकिदिएको मालपोत अधिकृत - सदस्य
(घ) भवन निर्माण इजाजत शाखाको शाखा प्रमुख - सदस्य
(ङ) प्रमुखले तोकेको निजी क्षेत्रको विषयविज्ञ प्रतिनिधि (१ महिला सहित २ जना) - सदस्य
(च) राजस्व प्रशासन उपशाखा प्रमुख - सदस्य सचिव

(२) सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समितिले आवश्यकता अनुसार अन्य विषयविज्ञ तथा कार्यपालिका सदस्य तथा अधिकृत कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समितिले प्रत्येक २ वर्षमा घर र जग्गाको मूल्याङ्नका आधार र दररेट परिमार्जन गरी नगरपालिकासमक्ष सुझाव पेश गर्ने छ ।

(४) समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न उपसमिति गठन गर्न सक्ने छ ।

९. **संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारण** : (१) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक-पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक-पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहायबमोजिम निर्धारण गरी असुल उपर गरिनेछ :-

(क) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे-जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजीनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिने छ ।

(ख) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफल कायम गर्दा राजीनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घर (अपार्टमेन्ट वा फ्ल्याट) को स्वामित्व बराबरको क्षेत्रफल मानी सोको दुई गुणा बराबरको जग्गाको क्षेत्रफलकायम गरिने छ ।

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भएबमोजिम हुन आउने घर र जग्गाको क्षेत्रफललाई आधारमानी स्वीकृत दरअनुसार मूल्याङ्कन गरी कर निर्धारण गरिने छ ।

(घ) संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा राजीनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिने छ ।

(२) नगरपालिकाले तोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवास निर्माण भएका आवास बिकी नभई बाँकी रहेको स्टकमा सम्पत्ति कर लाग्ने छैन । तर अनुगमन गर्दा त्यसरी बिकी नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्ने छ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको स्वीकृत लिई निर्माण भएको संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने बेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रमा सम्पत्ति कर लगाइने छैन ।

(४) व्यावसायिक प्रयोजनको लागि निर्माण गरी बिकी भएको (मल/सपिङ्ग कम्प्लेक्स/सपिङ्ग सेन्टर आदि) मा खरिद बिकी हुने पसल, कोठा तलाको हकमा समेत उपदफा (१) बमोजिम कर निर्धारण गरिने छ ।

१०. <u>लिज सम्झौता बमोजिमको सम्पत्तिमा कर लाग्ने</u> : (१) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्ति वा संस्थाले भवन वा अन्य भौतिक संरचनाको निर्माण, विकास र सम्वर्द्धन गरी भोग गरेको भए त्यस्तो सम्पत्तिको नियमानुसार लाग्ने सम्पत्ति कर तिर्नुपर्ने दायित्व निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुने छ । यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले यस परिच्छेद बमोजिमको कर दाखिला गर्नुपर्ने छ ।

(२) माथि उपदफा (१) बमोजिमको लिज सम्झौता भङ्ग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गाधनीको हुने छ ।

(३) प्रचलित नेपाल कानुन र यस परिच्छेद बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यवसायिक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवन र सो भवनले चर्चेको जग्गामा सम्पत्ति भोग गर्ने व्यक्ति वा संस्थाबाट यस परिच्छेदबमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिने छ ।

(४) सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यवसायिक प्रयोजनमा प्रयोग गरेको पाइएमा कर अधिकृतले कर निर्धारण गरी कर असुल गर्ने छ ।

११. <u>सम्पत्तिको विवरण पेश गर्न आदेश दिन सक्ने</u> : (१) सम्पत्ति कर निर्धारण प्रयोजनका लागि कर अधिकृतले सम्बन्धित करदातालाई सम्पत्ति विवरण पेस गर्न आदेश दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित करदाताले तोकिएको ढाँचामा विवरण दाखिला गर्नु गराउनुपर्ने छ । उल्लिखित म्यादभित्र विवरण दाखिला गर्न नसकेमा सो कुराको लिखित सूचना म्यादभित्रै कर अधिकृतलाई दिनुपर्ने छ । यसरी सूचना प्राप्त भएमा कर अधिकृतले बढीमा ३० दिनको म्याद थप गर्न सक्ने छ ।

१२. <u>सम्पत्ति करको असुली</u> : (१) नगरपालिकाले कायम गरेको करयोग्य सम्पत्तिको मूल्याङ्कन र सोबमोजिम लाग्ने बाँकी बक्यौता सम्पत्ति कर भुक्तानीका लागि करदातासमक्ष समयसीमा तोकी कर निर्धारण आदेश पठाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतिस दिनभित्र कर बुझाउनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र करदाताले कर दाखिला नगरेमा निजले बुझाउनुपर्ने कर रकमको वार्षिक दस प्रतिशतका दरले जरिवानासमेत लगाइ सरकारी बाँकीसरह देहायबमोजिम गरी कर असुल उपर गरिनेछ :-

(क) नगरपालिकाबाट करदातालाई प्रदान गरिने सेवाहरु

रोक्का गर्ने,

(ख) करदाताको चल, अचल सम्पत्ति रोक्का गर्ने,

(ग) करदाताको नाममा कुनै सरकारी कार्यालय वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु वा बुझाउनुपर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम दाखिल गर्न लगाउने,

(घ) करदाताको कारोबार रोक्का गर्ने,

(ङ) करदाताको नाममा रहेको चल वा अचल सम्पत्तिबाट सबै वा केही एक पटक वा पटक-पटक गरी प्रचलित कानुनबमोजिम लिलाम-बिक्री गर्ने ।

(४) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्तिको लिलाम- बिक्रीको कारबाही सुरू भै सकेपछि लिलाम-बिक्री समाप्त हुनु अगावै कर रकम दाखिल गर्न ल्याएमा लाग्ने कर रकमको सयकडा पाँचका दरले थप शुल्कसमेत लिई लिलाम- बिक्री बन्द गर्न सकिने छ ।

(५) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्तिको लिलाम- बिक्रीबाट प्राप्त भएको रकम निज करदातासँग असुल गर्न बाँकी भएको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको रकम करदातालाई फिर्ता गरिने छ ।

(६) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्तिको स्वामित्व नगरपालिकामा सर्ने छ ।

१३. <u>कर पुनःनिर्धारणका लागि निवेदन दिन सकिने</u> : (१) कुनै कर अधिकृतबाट गरिएको सम्पत्तिको मूल्याङकन् वा सम्पत्ति कर निर्धारण उपर करदातालाई चित्त नबुझेमा पैंतिस दिनभित्र सम्पत्तिको पुनःमूल्याङ्कन वा पुनःकर निर्धारण गर्न प्रमुख प्रशासकीय अधिकृतसमक्ष निवेदन दिन सक्ने छ । यसरी पर्न आएको निवेदन अनुसार प्रमुख प्रशासकीय अधिकृतलाई पुनःकर निर्धारण गर्नुपर्ने प्रष्ट आधारहरु भएमा निवेदन पर्न आएको मितिले १५ दिनभित्र सम्पत्ति कर पुनःनिर्धारण गरी दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्णय उपर चित्त नबुझेमा प्रमुखसमक्ष पुनरावेदन का लागि निवेदन दिन सकिने छ । यसरी पर्न आएको निवेदनउपर प्रमुखले ३० दिनभित्र सुनुवाइ गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय सदर, बदर, संशोधन वा पुनः कर निर्धारण गर्न आदेश गर्नुपर्ने छ ।

१४. <u>सम्पत्ति करमा समावेश नगरिने</u> : (१) कुनै घर वा भवन संरचना भत्किई वा भत्काई पाताल भएको अवस्थामा घरधनीले घर पाताल सिफारिस सहित विवरण पेस गरेमा विवरण पेस गरेको आर्थिक वर्षसम्मको सम्पत्ति कर असुल गरी अर्को वर्षदेखि भत्किएको वा भत्काइएको घर वा भवन संरचना र उक्त संरचनाले चर्चेको जग्गामा घर, भवन जस्ता संरचनाको पुनर्निर्माण, नयाँ निर्माण नभएसम्म कर लाग्ने छैन । स्थलगत निरीक्षण गर्दा नयाँ भवन निर्माण सम्पन्न भइ प्रयोगमा रहेको देखिएमा सम्पत्ति कर निर्धारण गरी असुल उपर गरिने छ ।

(२) माथि उपदफा (१) बमोजिम सम्पत्ति कर छुटका लागि घर पाताल भएको सूचना नगरपालिकासमक्ष दिनुपर्ने छ ।

१५. <u>बाटोको वर्गीकरण</u> : सम्पत्ति कर निर्धारणका लागि बाटोको वर्गीकरण देहायबमोजिम हुनेछ :-

(क) १.७५ मिटर (५ फिट) सम्म चौडाई भएकालाई गोरेटो बाटो ।

(ख) १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा नछापिएको वा ढलान वा कालोपत्रे

नगरिएकोलाई सहायक कच्ची बाटो

(ग) १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा छापिएको वा ढलान वा कालोपत्रे गरिएकोलाई सहायक बाटो ।

(घ) ४ मिटर (१३ फिट) देखि ६ मिटर (२६ फिट) सम्मका कालोपत्रे भएको वा नभएको बाटोलाई सडक ।

(ङ) ८ मिटर (२६ फिट) भन्दा माथिका सबै बाटोलाई मुख्य सडक ।

(च) माथि खण्ड (क) देखि (ङ) सम्मका बाटोको वर्गीकरण जुनसुकै प्रकारले गरिएको भए तापनि सडक पेटी, सडकको उपयोग, स्थान विशेषको व्यवसायिक महत्व समेतका आधारमा कुनै निश्चित गोरेटो बाटो वा कच्ची मोटर बाटो वा सहायक मोटर बाटो वा सडक वा मूल सडकको विवरण उल्लेख गरी मूल्याङ्कन दर तोकिएकोमा सोही आधारमा कर निर्धारण गरिने छ ।

१६. **भूल सुधार गर्न सक्ने :** (१) यस ऐन बमोजिम सम्पत्तिको मूल्याङ्कन गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर निर्धारण भएको मितिले १ वर्षभित्र कर अधिकृतले सो भूलसुधार गरी पुनःकर निर्धारण गर्न सक्ने छ ।

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकमभन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तहमाथिको अधिकारीबाट निर्णय गराई स्वीकृति लिनुपर्ने छ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकमभन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूलसुधार गर्नुअघि स्पष्ट कारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नुपर्ने कर सम्बन्धमा सफाई पेस गर्ने मनासिब माफिकको मौका दिनुपर्ने छ ।

१७. **सम्पत्ति कर छुटसम्बन्धी व्यवस्था :** नगरपालिकाले सम्पत्ति करमा छुट दिनुपर्दा देहायको आधारमा दिनु पर्नेछ :-

(१) प्रत्येक आर्थिक वर्षमा नियमानुसार लाग्ने सम्पत्ति करमा आर्थिक ऐनले तोकेबमोजिम छुट दिन सकिने छ ।

(२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र कुटनैतिक नियोग कुटनीतिज्ञ तथा तिनका एजेन्सीको स्वामित्वमा रहेको घर जग्गामा सम्पत्ति कर लगाइने छैन ।

१८. **कर बक्यौतामा जरिवाना लाग्ने :** (१) कुनै व्यक्तिले सम्बन्धित आर्थिक वर्षभित्र सम्पत्ति कर दाखिला नगरेमा बक्यौता कर रकममा वार्षिक १० (दस) प्रतिशतका दरले जरिवाना लगाई असुल उपर गरिने छ ।

१९. **कसूर तथा सजाय :** देहायका कार्य गर्ने व्यक्तिलाई एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ :-

(क) यस परिच्छेदबमोजिम आफनो कर्तव्यपालना गर्ने सिलसिलामा कर अधिकृतलाई बाधा विरोध गरेमा,

(ख) अन्य कुनै रूपमा यस परिच्छेदको कार्यान्वयनमा बाधा विरोध गरेमा ।

परिच्छेद-४ बहाल करसम्बन्धी व्यवस्था

२०. **विवरण दाखिल गर्नुपर्ने :** (१) यस ऐनबमोजिम घर जग्गा बहाल कर भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले घर, जग्गा र अन्य सम्पत्ति बहालमा लगाएमा अनिवार्य बहाल सम्झौता गरी बहाल सम्झौता भएको मितिले सामान्यतया ३५ दिनभित्र कार्यालयसमक्ष बहालमा लगाएको आफ्नो सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिल गर्नु गराउनुपर्ने छ ।

तर करदाताले उल्लेखित म्यादभित्र बहाल आयको विवरण पेस नगरेको अवस्थामा नगरपालिकाको अभिलेखको आधारमा कर निर्धारण गर्न बाधा पर्ने छैन ।

(२) यस ऐनबमोजिम बहाल कर तिर्नुपर्ने व्यक्ति नाबालक, शारीरिक वा मानसिक अपाङ्गता भएका व्यक्ति भएमा निजको बहाल आयको विवरण दाखिल गर्ने गराउने कर्तव्य निजको संरक्षकको हुने छ ।

(३) एकभन्दा बढी व्यक्तिहरूको स्वामित्वमा रहेको बहालमा दिएको सम्पत्तिको विवरण त्यस्तो संयुक्त स्वामित्व भएका व्यक्तिहरूमध्ये कुनै एक व्यक्तिले दाखिल गर्न सक्ने छ ।

(४) करदाताले नगरपालिका क्षेत्रभित्रको आफ्नो बहाल आयमा थपघट भएमा वा बहालमा नलागेको अवस्थामा सामान्यतया ३५ दिनभित्र कार्यालयमा सोको विवरण एवं जानकारी पेस गर्नुपर्ने छ ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको बहाल करको अभिलेख दुरुस्त राख्नुपर्ने छ ।

२१. **बहाल करको दर :** बहाल कर निर्धारण प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र रहेको जग्गा, भवन र अन्य सम्पत्तिको वार्षिक बहाल दर नगरपालिकाको आर्थिक ऐनले तोकेबमाजिम हुने छ ।

२२. **स्रोतमै कर कट्टी गर्नुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र कार्यालय निकाय, सङ्घ, संस्था, फर्म, कम्पनी जस्ता कानुनी व्यक्तिले बहाल भुक्तानी गर्दाकै बखत तोकिएको दरमा स्रोतमानै बहाल कर कट्टी गरी नगरपालिकामा दाखिला गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम कट्टी गरिएको बहाल कर रकम कर कट्टी गरेको महिनापछिको अर्को महिनाका २५ गतेभित्र कार्यालयमा दाखिला गर्नुपर्ने छ ।

२३. बहाल कर प्रयोजनका लागि बहाल अंकको निर्धारण : (१) करदाताले आफूले बहालमा लगाएको बहाल रकम स्वयम् घोषणा गर्नु पर्नेछ ।

(२) करदाताले गरेको स्वयम घोषणा वा बहाल लिने दिनेबीच भएको सम्झौताबमोजिमको बहाल दर वा कुल बहाल रकम सूत्रबाट कायम हुने दर अनुसारको बहाल रकमभन्दा बढी हुन आएमा स्वयम् घोषणा वा सम्झौता अनुसारको रकमलाई बहाल-रकम मानी बहाल-कर असुल उपर गरिने छ ।

२४. बहाल-करको असुली : (१) यस परिच्छेदबमोजिम बहाल-कर तिर्नु बुझाउनुपर्ने दायित्व भएका तर अग्रिम कर कट्टी गरी दाखिला नगरेका करदाताले आफूले आम्दानी गरेको बहाल आयमा लाग्ने बहाल कर प्रत्येक चार महिनामा नगरपालिकामा तिर्नु बुझाउनुपर्ने छ । यसरी कर भुक्तान गर्दा पहिलो किस्ता मंसिर २५ गतेभित्र, दोश्रो किस्ता चैत्र २५ गतेभित्र, तेस्रो तथा अन्तिम किस्ता असार २५ गतेभित्र तिर्नु बुझाउनुपर्ने छ ।

तर कुनै करदाताले यस उपदफाबमोजिमको बहाल कर मासिकरुपमा बुझाउन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले कायम गरेको बहाल अंकको मूल्याङ्कन र सोबमोजिम लागेको बहाल कर भुक्तानीका लागि करदातासमक्ष समय सीमा तोकी विद्युतीय वा अन्य जुनसुकै माध्यमबाट कर निर्धारण आदेश पठाउन सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको अन्तिम किस्ता बुझाउने म्यादभित्रसमेत करदाताले कर दाखिला नगरेमा निजले बुझाउनुपर्ने बाँकी कर रकमको वार्षिक बीस प्रतिशतले जरिवानासमेत लगाई बाँकी बक्यौता कर असुल उपर गर्ने छ । माथि उपदफा (१) र (३) अनुसार बाँकी बक्यौता कर दाखिला नभएमा सरकारी बाँकीसरह देहायबमोजिम गरी असुल-उपर गरिनेछः-

(क) नगरपालिकाबाट करदातालाई प्रदान गरिने सेवाहरु रोक्का गर्ने,

(ख) करदाताको चल, अचल सम्पत्ति रोक्का गर्ने,

(ग) करदाताको नाममा कुनै सरकारी कार्यालय वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु वा बुझाउनुपर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम दाखिल गर्न लगाउने,

(घ) करदाताको कारोबार रोक्का गर्ने,

२५. भूलसुधार गर्न सक्ने : (१) यस ऐनबमोजिम बहाल कर निर्धारण गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर निर्धारण भएको मितिले १ वर्षभित्र कर अधिकृतले सो भूलसुधार गरी पुनः कर निर्धारण गर्न सक्ने छ ।

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकमभन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तहमाथिको अधिकारीबाट निर्णय गराइ स्वीकृति लिनुपर्ने छ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकमभन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूलसुधार गर्नुअघि स्पष्ट कारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नुपर्ने कर सम्बन्धमा सफाई पेस गर्ने मनासिब माफिकको मौका दिनुपर्ने छ ।

२६.कसूर तथा सजाय : (१) यस परिच्छेद बमोजम कर तिुर्नपर्ने दायित्व भएका कुनै व्यक्तिले कर एकाइमा दिएको कुनै जानकारी वा विवरण जानीजानी वा लापरबाहीसाथ पेस गरेको कारणले झुठ्ठा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुने छ ।

(२) देहायका कार्य गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना हुनेछ :-

(क) यस परिच्छेदबमोजिम आफनो कर्तव्यपालना गर्ने सिलसिलामा कर अधिकृतलाई बाधा विरोध गरेमा,

(ख) अन्य कुनै रूपमा यस परिच्छेदको कार्यान्वयनमा बाधा विरोध गरेमा ।

परिच्छेद-५

व्यवसाय करसम्बन्धी व्यवस्था

२७. **व्यवसायको दर्ता हुनुपर्ने :** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट ईजाजत प्राप्त गरी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका व्यवसाय सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा नगरपालिकामा तोकिए बमोजिम दर्ता हुनुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी हुनुभन्दा अगाडि नगरपालिकामा दर्ता नभई नगरपालिकाभित्र सञ्चालित व्यवसायको हकमा यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐनबमोजिम नगरपालिकामा दर्ता हुर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम दर्ता हुने व्यवसायले व्यवसाय सञ्चालन भएको आर्थिक वर्षदेखि वार्षिक रुपमा व्यवसाय कर तिर्नुपर्ने छ ।

२८. **व्यवसाय करको दर** : नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी व्यवसाय गर्ने व्यक्ति, सङ्घ संस्था वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा नगरपालिकाले व्यवसाय करको दर निर्धारण गर्ने छ ।

२९. **व्यवसाय कर असुली :** (१) दफा (२७) बमोजिम दर्ता गर्नुपर्ने व्यवसायको वार्षिक रुपमा तोकिएबमोजिम नवीकरण गरी नगरपालिकामा व्यवसाय कर तिर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला नगरेमा निजले बुझाउनुपर्ने कर रकमको वार्षिक दस प्रतिशत जरिवानासमेत लगाई कर अधिकृतले देहायबमोजिम गरी कर असुल-उपर गर्न सक्ने छ ।

(क) नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यवसाय बन्द गर्ने,

(ग) करदाताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र निश्चित अवधि तोकी सो अवधिसम्म पुनः व्यवसाय गर्न नपाउने गरी त्यस्ता व्यक्तिको नाम नामेसी तीनपुस्ते विवरण अद्यावधिक गर्ने र सार्वजनिक गर्ने ।

३०. **व्यवसायको विवरण पेस गर्नुपर्ने :** (१) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदनसाथ पेस गरेका विवरणमा हेरफेर, परिवर्तन, नामसारी वा ठाउँसारी गरेकोमा त्यस्तो कार्य भएको मितिले पैंतिस दिनभित्र नगरपालिकामा जानकारी दिनुपर्ने छ ।

(२) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन परी निर्णय नभएसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानिने छ ।

(३) व्यवसाय कर तिर्नुपर्ने कुनै करदाताले लाग्ने कर तिरी बुझाई व्यवसाय दर्ता खारेज गर्न, नामसारी गर्न निवेदन दिन सक्ने छ र त्यस्तो निवेदन प्राप्त भएपछि नगरपालिकले आवश्यक जाँचबुझ गरी पैंतिस दिनभित्र कार्य फछ्र्यौट गर्नुपर्ने छ ।

३१. **व्यवसायको वर्गीकरण** : व्यवसाय कर प्रयोजनका लागि व्यवसायको प्रकृति, पुँजी, स्थान विशेष लगायतका आधारमा नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको वर्गीकरण आर्थिक ऐनले तोके बमोजिम हुने छ ।

३२. **व्यवसायको दर्ता प्रमाणपत्र राख्नुपर्ने :** नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै व्यवसायले दर्ता प्रमाणपत्र व्यवसायस्थलमा सबैले देख्ने गरी राख्नुपर्ने छ ।

३३. भूल सुधार गर्न सक्ने : (१) यस ऐनबमोजिम व्यवसाय कर कायम गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुनेगरी कर कायम भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर कायम भएको मितिले १ वर्षभित्र कर अधिकृतले सो भूलसुधार गरी पुनःकर कायम गर्न सक्ने छ ।

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकमभन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तहमाथिको अधिकारीबाट निर्णय गराई स्वीकृति लिनुपर्ने छ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकमभन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूलसुधार गर्नुअघि स्पष्टकारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नुपर्ने कर सम्बन्धमा सफाई पेस गर्ने मनासिब माफिकको मौका दिनुपर्ने छ ।

३४. दण्ड तथा सजाय : (१) करदाताले यस ऐनबमोजिम व्यवसाय कर दाखिल नगरेमा निजले बुझाउनुपर्ने कर रकमको वार्षिक दस प्रतिशत जरिवाना समेत लगाई कर अधिकृतले आवश्यकताअनुसार देहाय बमोजिम गरी कर असुल-उपर गर्नेछ :-

(क) व्यवसायीलाई व्यवसाय कर तिर्न सूचित गर्ने,

(ख) सूचित म्यादभित्र कर दाखिला नगरेमा नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ग) व्यवसाय बन्द गर्ने, व्यवसाय बन्द गर्दा लागेको खर्च असुल गर्ने र तोकिएबमोजिमको जरिवाना गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र निश्चित अवधि तोकी सो अवधिसम्म पुनः व्यवसाय गर्न नपाउने गरी त्यस्ता व्यक्तिको नाम नामेसी तीनपुस्ते विवरण अद्यावधिक गर्ने र सार्वजनिक गर्ने,

(ङ) कर बक्यौता सरकारी बाँकीसरह असुल उपर गर्ने ।

परिच्छेद-६

बाह्य विज्ञापन करसम्बन्धी व्यवस्था

३५. पूर्व स्वीकृति लिनुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र बाह्य विज्ञापन गर्न चाहने व्यक्ति, सङ्घ, संस्था वा व्यवसायील आफूले विज्ञापन गर्न चाहेको स्थान, आकार प्रकार, तस्विर, डिजाईनसहितको विज्ञापन सामग्रीको विस्तृत विवरणसमेत खुलाई, आफ्नो व्यवसाय दर्ताको दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिई नगरपालिकाबाट अग्रिम स्वीकृति लिनुपर्ने छ । यसबमोजिमको निवेदन उपर जाँचबुझ गर्दा स्वीकृति प्रदान गर्न प्रचलित कानुनले निषेध नगरेको विषयमा विज्ञापन गर्न खोजिएको रहेछ भने सर्वसाधारण जनताको हितसम्बन्धी विषयसमेत विचार गरी विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने जरिवाना, सहरी सौन्दर्य, विज्ञापित सामग्रीको भाषिक शुद्धता, शालिनता, सामाजिक मूल्यमान्यता र सुरक्षामा प्रतिकूल असर नपर्ने जस्ता सर्तहरु किटान गरी विज्ञापन अनुमति प्रदान गर्न सकिने छ । यसरी अनुमति प्रदान गर्दा विज्ञापन बोर्डमा अनिवार्य रुपमा नगरपालिकाबाट प्रदान गरिएको स्वीकृति नम्बर, विज्ञापन गरिने सुरु र अन्तिम मिति र व्यवसाय दर्ता नम्बर राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि दिइने निवेदनपत्रमा विज्ञापित सामग्री राखिने घर वा जग्गाको स्वामीको अनुमतिपत्रसमेत समावेश गर्नुपर्ने छ । विज्ञापन गरिने स्थान वा घरसँगै अन्य व्यक्ति वा संस्थाको घर, जग्गा जोडिएको भए सो घर वा जग्गाधनीको सहमतिसमेत लिनुपर्ने छ ।

(३) यस परिच्छेदबमोजिम व्यापारिक प्रयोजनका लागि सञ्चालन भएका व्यापारिक मल, सुपरमार्केट, चलचित्र घर र अन्य यस्तै प्रकृतिका भवन/परिसरभित्र राखिने विज्ञापनका हकमा समेत तोकिएबमोजिमको विज्ञापन कर तिरी अग्रिम स्वीकृति लिनुपर्ने छ ।

३६. विज्ञापन कर लिइने : (१) नगरपालिका क्षेत्रभित्र दफा ३५ बमोजिम स्वीकृति प्राप्त विज्ञापनमा विज्ञापन कर लिइने छ ।

(२) दफा ३५ बमोजिम अग्रिम स्वीकृति नलिई विज्ञापन गरेका विज्ञापनको हकमा यो कानुन लागु भएको मितिले २ महिनाभित्र यस ऐनबमोजिम स्वीकृति लिई सक्नु पर्ने छ ।

(३) नगरपालिका क्षेत्रभित्र गरिने विज्ञापन करको दर आर्थिक ऐनले तोकेबमोजिम हुने छ ।

(४) कुनै पनि कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचना पाटीं (होर्डिङ्ग बोर्ड) राखेमा उक्त विज्ञापनको कर प्रायोजकबाट असुल गरिने छ ।

(५) स्थानीय लिपि प्रयोग गरी गरिने विज्ञापन ⁄ परिचय पाटीमा लाग्ने विज्ञापन करमा आर्थिक ऐनले तोकेबमोजिम छुट प्रदान गरिने छ ।

(६) सामान्यतः विज्ञापनको स्वीकृति वार्षिक रुपमा दिइने छ । कुनै विशेष प्रकृतिका विज्ञापन गर्न निश्चित अवधितोकी स्वीकृति माग गरेमा औचित्यताका आधारमा अवधि किटान गरी स्वीकृति दिइएका विज्ञापनमा किटान गरिएको समयावधि बराबरको कर लिइने छ ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सार्वजनिक जानकारी तथा जनहितका लागि राखिएका विज्ञापनमा कर लाग्ने छैन ।

(८) व्यवसायको नाम जनाउने उद्देश्यले राखिएको तोकिएबमोजिमको आकारसम्मको परिचयपाटीमा लाग्ने विज्ञापन करमा आर्थिक ऐनले तोकेबमोजिम छुट वा सहुलियत दिन सक्ने छ ।

३७. बाह्य विज्ञापन गर्न निषेध : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञापन गर्ने प्रयोजनको लागि कुनै पनि सार्वजनिक स्थानमा द्वार तथा स्टल निर्माण, स्टिकर टाँस्ने, वाल पेन्टिङ्ग, प्याम्प्लेट, पोष्टरिङ्ग, पर्चा, ब्यानर आदि राख्न पाइने छैन ।

तर कुनै खास महोत्सव, मेला, समारोह, प्रतियोगिता जस्ता आवधिक प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्न यस ऐनबमोजिम नगरपालिकाको अग्रिम स्वीकृति लिनुपर्ने छ ।

(२) सूर्तिजन्य, मदिराजन्य, जस्ता स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा नगरपालिकाबाट निषेध गरिएका सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(३) निम्न स्थानहरुमा विज्ञापन बोर्ड तथा प्रचार सामग्री राख्न पाईने छैनः-

(क) भवनको छत, कौसीमा परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन ।
(ख) भवनका झ्याल छोपेर परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन ।
(ग) बाटो ⁄ सडक पेटीसँग जोडिएर बनेका भवन संरचनाहरुमा बाहेक खुलास्थानमा बाटो ⁄ सडक पेटीको सीमानादेखि दस फिटसम्म विज्ञापन बोर्ड वा परिचयपाटी राख्न पाइने छैन ।
(घ) संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सार्वजनिक निजी साझेदारीमा निर्माण भएका जुनसुकै संरचनाको निर्माणकर्ताले नगरपालिकासँगको सम्झौतामा उल्लेख भएअनुसार विज्ञापन राख्न पाइने छ । तर त्यस्तो विज्ञापन दफा (३५) (३६) र (३७) प्रतिकूल हुने गरी राख्न पाइने छैन ।
(ङ) पुरातात्विक महत्वका क्षेत्र, प्रमुख प्रशासकीय क्षेत्र, सम्पदा क्षेत्र, कुटनीतिक क्षेत्र जस्ता स्थानमा विज्ञापन राख्न पाइने छैन ।

३८. अन्य व्यवस्था तोकिएबमोजिम हुने : नगरपालिका क्षेत्रभित्र विज्ञापन गरिने सामग्रीहरुको आकार, प्रकार, स्वरुप, साईज, स्थान आदि सम्बन्धमा थप व्यवस्था नगरपालिकाले तोकेबमोजिम हुने छ ।

३९. दण्ड तथा सजाय : (१) यस ऐनबमोजिमको विज्ञापन कर दाखिल नगरेमा निजले बुझाउनुपर्ने कर रकमको वार्षिक दस प्रतिशत जरिवानासमेत लगाई कर अधिकृतले निम्नलिखित तरिका अपनाई कर असुल-उपर गर्नेछ :-

(क) विज्ञापनदातालाई विज्ञापन कर तिर्न सूचित गर्ने,
(ख) सूचित म्यादभित्र कर दाखिला नगरेमा नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ग) विज्ञापित सामग्री हटाउने, जफत गर्ने, विज्ञापित सामग्री हटाउन लागेको खर्च असुल गर्ने र तोकिएबमोजिमको जरिवाना गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र पुनः विज्ञापन गर्न नपाउने गरी त्यस्ता विज्ञापनदाताको नाम नामेसी/तीनपुस्ते विवरण अद्यावधिक गर्ने र सार्वजनिक गर्ने,

(ङ) कर बक्यौता सरकारी बाँकीसरह असुल उपर गर्ने ।

परिच्छेद-७

अन्य राजस्वसम्बन्धी व्यवस्था

४०. भूमिकर (मालपोत) : (१) नगरपालिका क्षेत्रभित्र रहेको सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको अन्य जग्गामा जग्गाको प्रयोजन र वर्गीकरण तथा उपयोग समेतलाई हेरी मूल्याङ्कनका आधारमा आर्थिक ऐन बमोजिम भूमिकर (मालपोत) लगाई असुल गरिने छ ।

(२) प्रत्येक आर्थिक वर्षमा नियमित तिर्नुपर्ने भूमिकर (मालपोत) र बक्यौतामा जरिवानासम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिएबमोजिम हुने छ ।

४१. सवारी साधन कर : (१) सवारी साधन करको दर निर्धारण र सङकलन् गर्ने तरिका प्रचलित कानुनले तोकेबमोजिम हुने छ ।

(२) साविकमा नगरपालिकामा दर्ता कायम रही नगरपालिकाबाट नवीकरण तथा नामसारी हुँदै आएका सवारी साधनमा लाग्ने करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुने छ ।

४२. मनोरञ्जन कर : प्रचलित कानुनले तोकेबमोजिमको दर र सङ्कलन गर्ने प्रक्रियाबमोजिम नगरपालिकाले मनोरञ्जन कर सङ्कलन गर्ने छ ।

४३. कवाडी र जीवजन्तु कर : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल, प्रचलित कानुनबमोजिम निषेधित जीवजन्तुबाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत नगरपालिकाले आर्थिक ऐनमा तोकिएबमोजिम कवाडी तथा जीवजन्तु कर लगाउने छ ।

४४. घरजग्गा रजिष्ट्रेसन शुल्क : (१) मालपोत कार्यालयवाट घरजग्गा रजिष्ट्रेसन सम्बन्धी कार्यहस्तान्तरण भई आएपछि नगरपालिकाले घर वा जग्गा वा घरजग्गाको कारोबारमा लाग्न रजिष्ट्रेसन शुल्क प्रचलित कानुनबमोजिम सङ्कलन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रेसन शुल्क बुझाउने दायित्व रजिष्ट्रेसनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्तिको हुने छ ।

(३) घरजग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि तोकिएबमोजिमको न्यूनतम दरअनुसार कायम हुने रकममध्ये जुन बढी हुन्छ सो रकमलाई त्यस्तो घर वा जग्गा वा घरजग्गाको कुल रजिष्ट्रेसन रकम मानी उक्त रकममा तोकिएबमोजिमका दरले रजिष्ट्रेसन शुल्क असुल उपर गरिने छ ।

(४) घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (३) बमोजिम लाग्ने शुल्कमा प्रचलित कानुनबमोजिम छुट दिइने छ ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र सोअन्तर्गतका निकायहरुले रजिष्ट्रेसनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्दा रजिष्ट्रेसन शुल्क लाग्ने छैन ।

(६) नगरपालिकाले घर वा जग्गा वा घरजग्गा रजिष्ट्रेसन पास गर्दा कारोबारबाट त्यस्तो घर वा जग्गा वा घरजग्गाको बिक्रेतासँग नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असल गरी तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने छ ।

४५. अन्य कर, शुल्क तथा दस्तुरसम्बन्धी व्यवस्था : साविकमा नगरपालिकाले सङ्कलन गर्दै आएको अन्य कर, शुल्क तथा दस्तुर एवं यो ऐन जारी भएपश्चात सङ्घीय कानुन वा प्रदेश काननु बमोजिम जिम्मेवारी हस्तान्तरण भइआउने अन्य कर, शुल्क तथा दस्तुरको दर र सङ्कलन विधि आर्थिक ऐनमा तोके बमोजिम हुने छ ।

परिच्छेद-८
कर प्रशासनसम्बन्धी व्यवस्था

४६. कर प्रशासन : (१) आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन नगर कार्यपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन सञ्चालनका लागि नगरपालिकाले आवश्यकतानुसार कर प्रशासन एकाइ वडा कार्यालय/कर संकलन केन्द्रलाई तोक्न सक्ने छ ।

४७. कर्मचारीसम्बन्धी व्यवस्था : दफा ४६ को उपदफा (२) बमोजिम कर एकाइ तोक्दा त्यस्तो कर एकाइमा काम गर्नका लागि नगरपालिकाले आवश्यकता अनुसार कर्मचारी खटाउने छ ।

४८. कर अधिकृतको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने ।
(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।
(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।
(घ) कर सङ्कलन गर्ने ।
(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।
(च) करदातामैत्री वातावरण बनाउन आवश्यक कार्य गर्ने ।
(छ) करसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने ।
(ज) कर कानुन र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने ।
(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।
(ञ) करदाताको कर दाखिला विवरण दुरुस्त राख्ने ।
(ट) करसम्बन्धी अभिलेख दुरुस्त राख्ने ।
(ठ) करसम्बन्धी अन्य काम गर्ने ।

४९. अधिकार प्रत्यायोजन : (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले यस ऐन र प्रचलित कानुनबमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार कर अधिकृतको रुपमा काम गर्न नगर कार्यपालिकाको अधिकृतस्तरको कर्मचारी र वडा सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगरपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोहीबमोजिम गर्नुपर्ने छ ।

(३) प्रत्यायोजित अधिकार र जिम्मेवारी :

(क) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जवाफदेहिता अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा निहित रहने छ ।

(ख) उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर अधिकृतले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रहनुपर्ने छ ।

परिच्छेद-९
करदाता दर्तासम्बन्धी व्यवस्था

५०. करदाता पहिचान तथा दर्ता : (१) करदाताको पहिचान गर्दा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र नगरपालिका कर प्रशासनलाई कुनै श्रोतबाट प्राप्त सूचना र छानबिन गर्दा प्राप्त भएका तथ्य समेतका आधारमा करदाताको पहिचान गरिने छ ।

(२) यस ऐनबमोजिम कर तिनुपर्ने दायित्व भएको करदाताको विवरण खुलाइ करदाताको अभिलेख नगरपालिकाले तयार गरी राख्ने छ र त्यस्तो अभिलेख नियमित रुपमा अद्यावधिक गर्नुपर्ने छ ।

(३) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका वा नगरपालिकाबाट करदाता परिचयपत्र प्रदान गरिएका करदाताले कारोबार गर्दा सोही लेखा नम्बर वा करदाता परिचयपत्र नम्बरको प्रयोग गर्नुपर्ने छ ।

५१. **करदाताको दायित्व** : यस ऐनबमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहायबमोजिमको दायित्व हुनेछ :-

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेस गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐनबमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनुपर्ने भए समयमा बुझाउने ।

(ङ) करसम्बन्धी कागजात सुरक्षित राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना, तथ्याङ्क र आवश्यक विवरण उपलब्ध गराउने ।

(छ) कर सङ्कलन कार्यमा नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउने ।

५२. **करदाताको अधिकार** : (१) यस ऐनबमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहायको अधिकार हुनेछ :-

(क) सम्मानपूर्ण व्यवहार प्राप्त गर्ने अधिकार ।

(ख) प्रचलित कानुनबमोजिम करसम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) करसम्बन्धी विषयमा कानुनले तोकेको म्यादभित्र प्रमाण पेस गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाका लागि कानुन व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।

(ङ)यस ऐनमा उल्लेख भएबाहेक करसम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनीयता अनतिक्रम्य हुने अधिकार ।

(२) उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्दा करदाताले आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ ।

(३) करदाताको प्रतिनिधित्व :

क) करदाताको परिवारको उमेर पुगेको सदस्य वा संरक्षक व्यक्ति वा निजको कानुन व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखितरुपमा अख्तियार दिईपठाएको उमेर पुगेको वारिसले निजको प्रतिनिधित्व गर्न सक्ने छ ।

ख) खण्ड (क) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिकातर्फबाट गरिएका काम कारबाही करदाता स्वयम्ले गरेको मानिने छ ।

परिच्छेद-१०

विवरण दाखिला सम्बन्धी व्यवस्था

५३. विवरण दाखिला गर्न आदेश दिन सक्ने : (१) यस ऐनबमोजिम करदाताले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने मनासिब माफिकको आधार र कारण भएमा कर अधिकृतले त्यस्तो आधार र कारण खोली कर विवरण दाखिला वा पुनः दाखिला गर्न आदेश दिन सक्ने छ । त्यस्तो आदेश प्राप्त भएमा करदाताले सो आदेश प्राप्त भएको मितिले पैंतिस दिनभित्र नगरपालिकामा विवरण दाखिला गर्नुपर्ने छ ।

(२) कुनै कारण परी उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने करदाताले सोको स्पष्ट प्रमाणसहितको कारण खोली म्याद थप गर्न निवेदन दिएमा कर अधिकृतले निजले पेस गरेको प्रमाण मनासिब देखेमा बढिमा तीस दिनसम्मको म्याद थप गर्न सक्ने छ ।

५४. विवरण सच्याउन सकिने : (१) यस परिच्छेदबमोजिम कर विवरण दाखिला भई सकेपछि कुनै तथ्याङ्क वा सूचना वा विवरणमा त्रुटि भएको वा गणितीय भूल भएको लागेमा करदाताले पहिले दाखिला गरेको तथ्याङ्क वा सूचना वा विवरण सच्याउन त्यस्तो तथ्याङ्क वा सूचना वा विवरण दाखिला भएको मितिले पैंतिस दिनभित्र सही तथ्याङ्क वा सूचना वा विवरण पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि कर अधिकृतले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्रमा संशोधित तथ्याङ्क वा सूचना वा विवरण सम्बन्धमा जाँचबुझ गरी औचित्यसमेतका आधारमा आवश्यक देखिएमा तथ्याङ्क वा सूचना वा विवरण सच्याई आफूले सोको अभिलेख राखी करदातालाई लिखित जानकारी दिइने छ ।

परिच्छेद-११

कर दाखिलासम्बन्धी व्यवस्था

५५. कर दाखिला गर्नुपर्ने : (१) करदाताले यस ऐनबमोजिम दाखिला गर्नुपर्ने कर सम्बधित परिच्छेदहरुमा उल्लेख भएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको करका हकमा देहायबमोजिम दाखिला गर्नुपर्ने छ ।

(क) अग्रिम कर दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले सो आर्थिक वर्षको आश्विन मसान्तभित्र वा कर निर्धारण आदेश प्राप्त भएको मितिले पैंतिस दिनभित्र ।

(२) यस ऐनबमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर त्यस्तो कर कट्टी भएको महिनापछिको अर्को महिनाको २५ गतेभित्र नगरपालिकाले तोकेको कर एकाइमा दाखिला गर्नुपर्ने छ ।

५६. कर दाखिलाको निस्सा दिनुपर्ने : यस ऐनबमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजस्व बुझिलिएपछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई सोको निस्सा तुरुन्त दिनुपर्ने छ ।

परिच्छेद-१२

कर फिर्ता र समायोजन

५७. कर फिर्ता र समायोजन सम्बन्धी व्यवस्था : (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा कर तिर्नुपर्नेभन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम फिर्ताका लागि ३ दिन भित्रमा निवेदन परेकोमा सोको अध्ययन गरी व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको तीन महिनाभित्र बढी कर दाखिला भएको रकम आगामी आर्थिक वर्षको कर समायोजन मिलान गर्ने गरी एक तहमाथिको अधिकारीबाट निर्णय गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समायोजन गर्न पाउने ठहरिएको रकम आगामी आर्थिक वर्षमा दाखिला गर्नुपर्ने कर रकममा समायोजन गरी पाउन कर अधिकृतसमक्ष निवेदन दिन सक्ने छ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेकोमा बढी कर दाखिला गरेको भनि ठहरिएको रकम कर अधिकृतले निवेदन परेको सात (७) दिनभित्र समायोजन गरी अभिलेखमा जनाई राख्नुपर्ने छ र सोको लिखित जानकारी निवेदकलाई दिनुपर्ने छ ।

५८. कर समायोजनसम्बन्धी व्यवस्था : (१) करदाताले दफा (५७) बमोजिम समायोजन गर्न पाउने ठहरिएको रकम आगामी आर्थिक वर्षमा दाखिला गर्नुपर्ने कर रकममा समायोजन गरी पाउन कर अधिकृतसमक्ष निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा बढी कर दाखिला गरेको भनि ठहरिएको रकम कर अधिकृतले निवेदन परेको सात (७) दिनभित्र समायोजन गरी अभिलेखमा जनाई राख्नुपर्ने छ र सोको लिखित जानकारी निवेदकलाई दिनुपर्ने छ ।

परिच्छेद-१३

कर परीक्षण र कर निर्धारण

५९. कर परीक्षण र कर निर्धारण : (१) यस ऐन र प्रचलित कानुनबमोजिम करदाताले विवरण पेस नगरेको वा पेस गरेको विवरणमा देहायका सबै वा कुनै कार्य गरेको देखिएमा कर अधिकृतले कर परीक्षण गरी कर निर्धारण गर्नेछ :-

(क) धनकुटा नगरपालिकासँग सरोकार रहेका अभिलेख दुरुस्त राखेको वा भएको नदेखिएमा ।

(ख) गलत वा झुठा कागजात र विवरण संलग्न गरेको देखिएमा ।

(ग) कारोबारको विवरण यथार्थ देखाएको भनी विश्वास गर्नुपर्ने मनासिब कारण नदेखिएमा ।

(घ) करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक परेकोमा ।

(च) कानुनबमोजिम कर छुट वा मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा पनि सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा नगरपालिकाले पन्ध्र दिनको म्याद दिई करदातालाई आफ्नो स्पष्टीकरण पेस गर्न लिखित सूचना दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले १५ दिनभित्र आफ्नो स्पष्टीकरण पेस गर्नुपर्ने छ

(४) उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेस गरेमा कर अधिकृतले सो स्पष्टीकरणमा करदाताले पेस गरेको विवरण कानुनसम्मत भए नभएको विचार गरी वा स्पष्टीकरण पेस नगरेकोमा कानुनबमोजिम कर निर्धारण गर्नुपर्ने छ ।

(५) करदाताले साविककै दरमा कर घोषणा गरी विवरण पेश गरेको मितिले तीन वर्षभित्र घोषणा गरिएको विवरण संशोधन गरी पुनः कर निर्धारण गर्न सन्तोषजनक आधार र कारणसहित निवेदन दिएमा त्यस्तो निवेदनउपर कर अधिकृतले जाँचबुझ गरी करदातालाई सफाइको मौका दिई पुनःकर निर्धारण गर्न सक्ने छ ।

५९. कर निर्धारणको सूचना : (१) यस ऐनबमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनुपर्ने कर रकम, स्थान, समय र सीमा तथा बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई सोको सूचना दिइने छ ।

(२) करदाताले उपदफा (१) बमोजिम सूचना प्राप्त गरेपछि सो सूचनामा उल्लेखित समय सीमाभित्र तोकिएको स्थानमा कर दाखिला गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम कर रकम बैंक दाखिला गरेकोमा करदाताले सोको तोकिएको भौचरको एकप्रति नगरपालिकामा बुझाउनुपर्ने छ ।

परिच्छेद-१४

कर सङ्कलनसम्बन्धी व्यवस्था

६०. कर सङ्कलनसम्बन्धी व्यवस्था : यस ऐनबमोजिम असुल उपर गर्नुपर्ने कर तथा गैरकर राजस्व बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले देहायबमोजिम कर असुल गर्न सक्नेछ :-

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्वसहमति लिई कट्टा गरेर ।

(घ) कुनै बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल-अचल सम्पत्ति बिक्री गरी प्रचलित कानुनबमोजिम सरकारी बाँकीसरह असुलउपर गरेर ।

६१. <u>किस्ताबन्दीमा कर असुली</u> : (१) वार्षिक कर तिर्नुपर्ने दायित्व भएका करदाताले समयमा कर तिर्न नसक्ने कारण जनाई निवेदन दिएमा कर अधिकृतले जाँचबुझ गरी मनासिब देखेमा बढिमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्ने छ ।

(२) माथि उपदफा (१) बमोजिम किस्ताबन्दीमा कर सङ्कलन गर्ने आदेश भएमा यस ऐन र प्रचलित कानुनबमोजिम छुट हुने छैन ।

(३) यस दफाबमोजिम बक्यौता कर सङकलन् गर्दा यस ऐनबमोजिम लाग्ने ब्याज, जरिवाना तथा शुल्क मिनाहा हुने छैन ।

परिच्छेद-१५

<u>जरिवाना शुल्क र ब्याज</u>

६२. <u>अभिलेख नराखेमा जरिवाना लाग्ने</u> : यस ऐनबमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अनुगमनको क्रममा अभिलेख राखेको नपाइएमा जरिवानाबापत प्रतिपटक रु.५००।- लाग्ने छ ।

६३. <u>समयमा विवरण दाखिला नगरेमा जरिवाना लाग्ने</u> : यस ऐनबमोजिम विवरण दाखिला गर्न पत्राचार, सूचना भएकोमा सोअनुरुप करदाताले समयमा विवरण दाखिला नगरी ढिलो विवरण बुझाएमा जरिवानाबापत रु.२००।- असुल उपर गरिनेछ ।

६४. **<u>झुठा विवरण दिएमा शुल्क लाग्ने</u> :** (१) यस ऐनबमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दस प्रतिशत थप जरीवाना लगाइने छ ।

(२) नगरपालिकाको कार्यालयको बिना स्वीकृति सहरी सुव्यवस्थापन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने गरी कानुन विपरीत सडक पेटी अतिक्रमण, आवागमन अवरोध, जथाभावी फोहर गर्ने, वायु तथा ध्वनि प्रदूषण बढाउने जस्ता क्रियाकलाप गर्ने व्यक्तिलाई र यो ऐन तथा यस ऐनबमोजिम बनेको नियम उल्लङ्घन गर्ने व्यक्तिलाई कर छलिएको भए लाग्ने कर र कसूरको मात्रा र पटक हेरी पाँच सयदेखि पाँच हजार रुपैँयासम्म जरिवाना लगाई असुल उपर गरिने छ ।

६५. **<u>जरिवाना लाग्ने</u> :** यस ऐनबमोजिम करदाताले नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने कर, दस्तूर, शुल्क समयमा दाखिला नगरेमा माथि परिच्छेदहरुमा तोकिएकोमा तोकिएबमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनुपर्ने कर रकममा वार्षिक दस प्रतिशतले हुने रकम जरिवाना लगाई असुल उपर गरिने छ ।

६६. <u>जरिवाना नलाग्ने</u> : यस ऐनबमोजिम लाग्ने जरिवानामा पुनः जरिवाना लगाइने छैन ।

परिच्छेद-१६

<u>पूर्वादेश र पुनरावलोकन</u>

६७. <u>पूर्वादेश माग गर्न सक्ने</u> : (१) कुनै करदातालाई यस ऐनबमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनको व्यवस्था बारे दुविधा भएमा सोको निराकरणका लागि निजले आफूलाई दुविधा भएको विषय खोली कर अधिकृतसमक्ष निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा कर अधिकृतले दुविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको विषयमा यस दफाबमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेश वा नगरपालिकाबाट अन्यथा नभएसम्म कायम रहने छ ।

६८. <u>पुनरावलोकन हुन सक्ने</u> : (१) यस ऐनबमोजिम गरिने देहायको निर्णयउपर प्रमुखसमक्ष पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारणसम्बन्धी निर्णय ।

(ख) यस ऐनबमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, ब्याजसम्बन्धी निर्णय ।

(ग) दफा ६८ बमोजिम जारी भएको करसम्बन्धी पूर्वादेश ।

६९. पुनरावलोकनको प्रकिया : (१) यस ऐनबमोजिम गरिएको कर निर्धारणको निर्णयउपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र प्रमुखसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि परेको निवेदनउपर प्रमुखले साठी दिनभित्र कारबाही किनारा गर्नुपर्ने छ ।

(३) पुनरावेदनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको एक तिहाई रकम धरौटी राख्नुपर्ने छ ।

७०. पुनरावलोकन दिन सक्ने : (१) कार्यकारिणी पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र पुनरावलोकन नहुने विषयमा निर्णय भएको मितिले ६० दिनभित्र चित्त नबुझने पक्षले धनकुटा नगरपालिका, नगर कार्यपालिकामा पुनरावेदन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदन उपर नगर कार्यपालिकाले ९० दिनभित्र निर्णय दिनु पर्नेछ ।

परिच्छेद-१७
गैरकर राजस्व

७१. सेवा शुल्क तथा दस्तुर : प्रचलित कानुनले तोकेका अधिकारक्षेत्रभित्रको विषयमा नगरपालिकाले प्रवाह गर्ने सेवामा आर्थिक ऐनले तोकेबमोजिम शुल्क तथा दस्तुर लगाई असुल गर्न सक्ने छ ।

७२. सवारी साधन पार्किङ्ग शुल्क र पूर्वाधार सेवा शुल्क : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खुला स्थान, सार्वजनिक स्थल र आफूले विकास गरेको पार्किङ्गस्थलहरुमा मापदण्ड बनाई पार्किङ्ग क्षेत्र घोषणा गरी पार्किङ्ग सुविधा उपलब्ध गराएबापत स्थान विशेष र समयको आधारमा आफूले निर्माण गरेको पूर्वाधारका संरचनाको उपयोग गरे वापत आर्थिक ऐनमा तोकिएबमोजिम सवारी साधन पार्किङ्ग शुल्क र पूर्वाधार सेवा शुल्क लगाई असुल उपर गर्न सक्ने छ ।

(२) आफ्नो क्षेत्रभित्र प्रचलित कानुनबमोजिम निजी क्षेत्र वा सार्वजनिक निजी साझेदारीमार्फत आधुनिक पार्किङ्ग व्यवस्था गरी पार्किङ्ग शुल्क उठाउन सक्ने छ ।

७३. पर्यटन तथा उद्यान पाक शुल्क : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पदा तथा पुरातात्विक महत्वका पर्यटकीय क्षेत्र, पार्क, वनभोजस्थल, भ्युटावर तथा उद्यानमा प्रवेश गर्ने पर्यटकबाट आर्थिक ऐनमा तोकिएबमोजिम पर्यटन शुल्क असुल गर्ने छ ।

(२) उपदफा (१) बमोजिम पर्यटन शुल्क तोक्दा स्वदेशी तथा विदेशी पर्यटकका लागि फरकफरक दर तोक्न सक्ने छ ।

७४. बहाल बिरौटी शुल्क : नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गा वा सो जग्गामा बनेको संरचनाको उपयोगबापत बहाल बिरौटी शुल्क लगाउने छ ।

७५. केवलकार शुल्क : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र केवलकार संचालन भएमा शुल्क लगाई कर उठाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केबलकार सञ्चालकले प्रवेश टिकटमा नै तोकिएबमोजिम समावेश गरी सङ्कलन गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम सङ्कलन भएको रकम विवरणसहितसंलग्न गरी चौमासिकरुपमा नगरपालिकालाई बुझाउनुपर्ने छ ।

७६. डुंगा परिवहन (बोट सेवा) शुल्क : नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका डुंगा परिवहन (बोट) सेवामा आर्थिक ऐनले तोकिएबमोजिम शुल्क लगाई उठाउन सक्ने छ ।

७७. अन्य शुल्क लगाउन सक्ने : (१) नगरपालिकाले नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को विपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण नगरपालिकाले त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र नगर कार्यपालिका, नगर सभाको बैठक चलेको समयमा नगर सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने नगर सभाको पहिलो बैठकमा पेस गर्नुपर्ने छ ।

७८. <u>प्याराग्लाइडिङ</u> : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्याराग्लाइडिङ सञ्चालन भएमा आर्थिक ऐनले तोके बमोजिम शुल्क लगाई कर असुल गरिनेछ ।

७९. <u>छुट वा मिनाहा</u> : (१) नगरपालिकाले खास अवस्थामा यस ऐनबमोजिम लाग्ने वा लागेको कर तथा गैरकर राजस्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न नगरसभामा पेश गर्नु पर्नेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्रीको कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपाकिाले कर छुटसम्बन्धी त्यस्तो व्यवस्थाको पालना गर्ने, गराउने छ ।

(३) उपदफा (१) बमोजिम कर, गैरकर राजस्वमा छुट वा मिनाहा दिएको विवरण नगर सभाको बैठक चलेको समयमा सभामा र बैठक नचलेको समयमा त्यसपछि बस्ने नगर सभाको पहिलो बैठकमा पेस गरी निर्णयानुसार कार्यान्वयन गर्नुपर्ने छ ।

परिच्छेद-१८
<u>समन्वय सम्बन्धी व्यवस्था</u>

८०. <u>नेपाल सरकारसँग समन्वय</u> : (१) नगरपालिकाले सङ्घीय कानुन वा यस ऐनबमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्ने छ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्थाअन्तर्गत समन्वय गरी टुंगोमा पुगेको विषयलाई यस ऐनको अङ्ग मानिने छ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यही दफा अनुसार कार्यान्वयन गर्नुपर्ने छ ।

८१. <u>प्रदेश सरकारसँग समन्वय</u> : (१) नगरपालिकाले प्रदेश कानुन वा यस ऐनबमोजिम असुल उपर गर्नुपर्ने कर वा गैर कर राजस्व असुल उपर गर्न एकद्वार प्रणाली अपनाउने छ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्नुपर्ने छ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्थाअन्तर्गत समन्वय गरिएको विषयलाई यस ऐनको अङ्ग मानिने छ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यही दफा अनुसार कार्यान्वयन गर्नुपर्ने छ ।

८२. अन्य निकाय, कार्यालय र अन्य संस्थासँग समन्वय : नगरपालिकाले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकारअन्तर्गतका सरकारी निकाय, बैंक तथा वित्तिय संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्न सक्ने छ ।

परिच्छेद-१९
<u>राजस्व प्रस्ताव तर्जुमा तथा सूचनासम्बन्धी व्यवस्था</u>

८३. <u>राजस्वसम्बन्धी नयाँ प्रस्ताव</u> : नगरपालिकाले यस ऐनमा उल्लेख गरिएका बाहेकका कर तथा गैरकरसम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्ने छ ।

८४. **सूचना सार्वजनिक गर्नुपर्ने** : (१) यस ऐनबमोजिम नगरपालिकाले लगाएको कर तथा गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नुपर्ने छ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको कर, गैरकर राजस्वका दर, त्यसमा भएको हेरफेर समेत नगरपालिकाको वेभसाईटमा अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउनुपर्ने छ ।

परिच्छेद-२०
विविध

८५. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यमबाट करदातालाई अनलाइन सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण अनलाइनमार्फत पेस गर्ने, नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने रकम अनलाइन दाखिला गर्ने एवम् त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका करसम्बन्धी अन्य काम कारबाही अनलाइनमार्फत गर्ने व्यवस्था गर्न सक्ने छ ।

८६. **अनुसूचीमा हेरफेर** : नगरपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्ने छ । तर यस ऐनबमोजिम लगाइएको कुनै कर तथा गैर कर राजस्वको दरमा संशोधन गर्ने विषय नगर सभाले निर्णय गरेबमोजिम मात्र हुने छ ।

८७. **कागजातको ढाँचा** : (१) यो ऐन र यो ऐनअन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डमा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा नगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम जारी आदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रका अतिरिक्त नगरपालिका कार्यालयको सूचना पाटी, वेवसाईट, स्थानीय पत्रपत्रिकामासमेत प्रकाशित गर्न सकिने छ ।

८८. **सूचना तामेली रीत पुगेको मानिने** : यस ऐनबमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहायबमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :-

(१) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,
(२) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,
(३) निजको कानुन व्यवसायी वा लेखापाललाई बुझाएको,
(४) नाबालकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,
(५) कार्यालय वा निकाय वा संगठित संस्थाका हकमा कार्यालय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको,
(६) स्वीकृत विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको इलेक्ट्रोनिक ठेगानामा पठाइएको ।

८९. **देहायबमोजिम जारी गरिएको म्याद, सुचना वा कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ :-** (१) नगरपालिकाको कर अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको,

(२) कम्प्यूटर प्रविधिबाट इनस्क्रिप्ट वा इन्कोड गरिएको वा छाप लगाएको ।

९०. **कागजातको अभिलेख राख्ने** : यस ऐनबमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी आफूसँग राख्नु पर्नेछ :

(१) यस ऐनबमोजिम नगरपालिकामा पेस गर्नुपर्ने कागजात र सोलाई पुष्टि गर्ने अन्य सूचना तथा कागजातहरु,
(२) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु,
(३) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्टि गर्ने कागजातहरु,
(४) नगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकिएकोमाबाहेक यस दफाबमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्ने छ ।

९१. **कर परीक्षणसम्बन्धी व्यवस्था** : (१) कुनै एक शीर्षकमा वार्षिक दुई लाख वा सोभन्दा बढी रुपैयाँ कर निर्धारण भई असुल गरिएका करदाताहरुको कर तोकिएबमोजिमको समितिले अनिवार्य रुपमा परीक्षण गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम कर परीक्षण गर्ने कार्यविधि कार्यपालिकाले तोकेबमोजिम हुने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक शीर्षकमा वार्षिक दुई लाख रुपैयाँभन्दा कम कर निर्धारण भएको करदाताहरुको कर अंकमा शंका लागेमा, उजूरी परेमा वा कर निर्धारणमा त्रुटि भएको जानकारी प्राप्त भएमा समितिले त्यस्ता कर निर्धारणमा समेत कर परीक्षण गर्न बाधा पुगेको मानिने छैन ।

९२. विशेष अधिकार हुने : यस ऐनको प्रयोजनको लागि नगरपालिकाको अधिकार प्राप्त अधिकारीले कर निर्धारण गर्न करदाताद्वारा दाखिल भएका विवरणमाथि उचित विचार गर्ने र त्यसको जाँचबुझको प्रयोजनको लागि सम्बन्धित व्यक्तिका नाममा पत्राचार गर्ने, विवरण लिने र कागजात माग्ने सम्बन्धमा प्रचलित नेपाल कानुनबमोजिम निजलाई विशेष अधिकार हुने छ ।

९३. कर अधिकृतको परिचयपत्र : नगरपालिकाको कुनै कर एकाइमा कार्यरत कर अधिकृत र अन्य कर्मचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्यपालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्ने छ ।

९४. विभागीय कारबाही र सजाय हुने : (१) कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएका व्यक्ति वा करदातालाई हानि पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाईदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थपूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुनबमोजिम गर्नुपर्ने काम समयमा नगरी करदाता वा सेवाग्राहीलाई अनावश्यक दःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले नगरपालिकाको प्रमुख समक्ष उजुरी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवासम्बन्धी कानुनबमोजिम विभागीय कारबाही गर्न वा सचेत गराउन प्रमुख प्रशासकीय अधिकृत लाई आदेश दिन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा अभियुक्तले प्रमाण नष्ट गर्न सक्ने मनासिब कारण देखेमा प्रमुख प्रशासकीय अधिकृतले कर प्रशासनसँग सम्बन्धित अधिकृत वा कर्मचारीलाई प्रचलित कानुनबमोजिम निलम्बन गर्न सक्ने छ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर त्यस्तो कर्मचारीलाई कामको जिम्मेवारीबाट अलग राखिने छ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने र अभियोग लागेको कर्मचारीलाई निलम्बन गर्ने वा कामको जिम्मेवारीबाट अलग राख्ने अवधि ३ (तीन) महिनाभन्दा बढी हुने छैन ।

(६) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानुनबमोजिम अनुचित कार्य गरेको खुल्न आएमा सम्बन्धित निकायमा लेखि पठाउन सक्ने छ ।

९५. पुरस्कृत गर्न सक्ने : (१) प्रत्येक वर्ष कानुनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिल गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलब्ध गराइ कर प्रशासकलाई सहयोग पऱ्याउने नियमित करदाता पहिचान गरी नगरपालिकाले त्यस्ता व्यक्ति/संस्थालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कारसम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरेबमोजिम हुने छ ।

(३) कुनै करदाताले नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने राजस्व नबुझाई रहेको, अन्य करदातालाई राजस्व नतिर्न नबुझाउन उत्प्रेरित गरेको भनी सूचना दिएकोमा जाँचबुझ गर्दा व्यहोरा प्रमाणित भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई उचित नगद पुरस्कार दिइने छ ।

(४) कुनै करदाताले नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने राजस्व रकम तिर्नुपर्ने अंकभन्दा कम बुझाई रहेको, राजस्व चुहावट गरेको वा मस्यौट गरेका सूचना दिएकोमा जाँचवुझ गर्दा व्यहोरा प्रमाणित भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई फरक परी असुल हुन आएको थप कर अंकको १० प्रतिशत नगद पुरस्कार दिइने छ ।

९६. म्याद वा हदम्याद नजाने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधिबाहेक गरी गणना गरिनेछ :-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायवाट रोक्का वा स्थगन भएको अवधि,

(ख) कुनै विषय अधिकार प्राप्त अधिकारी वा निकाय वा अदालतमा पुनरावलोकन गरेकोमा पुनरावलोकनकर्ताको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

९७. नियम, विनियम, निर्देशिका, मापदण्ड, कार्यविधि वा दिग्दर्शन बनाउने अधिकार : यो ऐन कार्यान्वयनका लागि आवश्यकताअनुसार नियम, विनियम, निर्देशिका, मापदण्ड, कार्यविधि वा दिग्दर्शन जारी गरी कार्यान्वयन गर्ने वा गराउने अधिकार कार्यपालिकालाई हुने छ ।

९८. बचाउ : यो ऐन जारी हुनअघि साबिक कानुन अनुसार निर्धारण गरी असुल गरिएको सबै प्रकारका कर, गैरकर यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

अनुसूची-१

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् वडाध्यक्षज्यू,
.... नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
.... ।

विषय : व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यबसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै नगरपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : ....
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. व्यबसायीको स्थायी ठेगाना .... जिल्ला .... गा.पा./न.पा. .... वडा नं. .... मार्ग .... घर नं. ......
३. व्यबसायीको बाबुको नाम, थर : ....
४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ..... मार्ग .... घर नं. .....
५. व्यवसायीको सम्पर्क फोन नं. .... मोबाईल नं. .... इमेल :...............
६. व्यवसायीको नेपाली नगरिकता प्रमाणपत्र नम्बर..........जारी मिति र जिल्ला :
७. व्यवसाय सञ्चालन हुने स्थानको : कि.न......................क्षेत्रफल.................
८. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर ....
९. घर जग्गा धनीको ठेगाना .... वडा नं................ घर नं. ....
१०. व्यवसायको विवरण/प्रकृति : ....
११. पूँजी लगानी रु. ....
१२. फर्म/कम्पनीको नाम : ....
१३. परिचय पाटीको साइज : (लम्बाई .... चौडाई .... वर्गफिट ......)
१४. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .... /कार्यालय : ....
१५. संलग्न कागजातहरु :
क) आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि-१ वा भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१,
ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ वा विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१,
ग) व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,
घ) फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र
ङ) आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।
उल्लिखित विवरणका आधारमा प्रचलित कानुन बमोजिम कर निर्धारण गरेमा मेरो मन्जुरी छ ।

....
मितिः .... निवेदकको दस्तखत

कार्यालय प्रयोजनका लागि मात्र :

निवेदन दस्तुर : .... दर्ता शुल्क .... आ.ब. .... को व्यवसाय कर .... परिचय पाटी दस्तुर .... जरिवाना .... जम्मा रु .... लाग्ने व्यहोरा प्रमाणित गर्दछु । निजको व्यवसाय प्रमाणपत्र नं.(नवीकरणको हकमा) .... रहेको छ ।

....

पेश गर्ने सिफारिस गर्ने स्वीकृत गर्ने

मिति मिति मिति

अनुसूची-२

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

धनकुटा नगरपालिका

...........नम्बर वडा कार्यालय

..................,धनकुटा

कोशी प्रदेश, नेपाल

व्यवसाय दर्ता किताब

आ.व. ....

क्र.स.	दर्ता मिति	दर्ता नं.	करदाता संकेत नम्बर	संचालक वा मुख्य	व्यवसाय वा फर्मको नाम	व्यसायको किसिम	फोटो	ठेगाना	वडा नं	घर नं.	सम्पर्क नम्बर	इमेल ठेगाना	व्यसायको किसिम	कुल पुँजी रु	व्यवसायको श्रेणी	घर जग्गा आफ्नो वा	संचालन भएको वा हुने	नवीकरण भएको आ.ब.	प्रमाणित गर्नेको सही

अनुसूची-३

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

धनकुटा नगरपालिका

............नम्बर वडा कार्यालय

..................,धनकुटा

कोशी प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाणपत्र

फोटो

मिति : २०......। ..... ।

करदाता नं. .... दर्ता मिति : २०७..../ / गते
प्रमाणपत्र नं. ....

.... जिल्ला .... गाउँ/नगरपालिकावडा नं...... बस्ने श्री ....लाई निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसायको नाम : ....
व्यवसायीको ना. प्र.नं. : ....जारी गर्ने जिल्ला : .... जारी मिति : ....
व्यवसाय सञ्चालन भएको वा हुने मिति : ....
व्यवसाय रहने स्थान : ....
बाटोको नाम : .... घर नं. .... टोल ....
व्यवसाय रहनेघर/जग्गाधनीको नाम : ....
व्यवसायको प्रकृति : ....
पूँजी लगानी (रु.मा) : ....
व्यबसायको श्रेणी : ....
परिचय पाटीको साइज : ....

....	....	....
संचालक	तयार गर्ने	जारी गर्ने

१) व्यवसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.व.को आषाढ महिनाभित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । नगरपालिकाबाट स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर एकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्नेछ । यस्तो प्रमाणपत्र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५)	व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।
६)	व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ ।
७)	व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।
८)	उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जनुसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।
९)	यो प्रमाणपत्र नगरपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

नवीकरण सम्बन्धी विबरण

क. सं.	आर्थिक वर्ष	नवीकरण गरेको मिति	कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं.	रसिदको मिति	नवीकरण गर्नेको दस्तखत

अनुसूची ४

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

धनकुटा नगरपालिका

बहालकर दाखिला निवेदन फाराम

श्रीमान् प्रमुख ज्यू
धनकुटा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय

मेरो/हाम्रो स्वामित्व/भोगाधिकारमा रहेको तपसिलमा उल्लेखित भौतिक सम्पत्ति बहालमा रहेको हुँदा बहाल कर निर्देशिका,२०७५ अनुसार तिर्नु बुझाउनु पर्ने बहाल कर प्रयोजनको लागि यो विवरण बुझाउन आएका छु/छौं । प्रचलित कानून बमोजिम कर निर्धारण गरिपाउन आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु/छौं । विवरण फरक ठहरे प्रचलित कानून बमोजिम सहुँलाबुझाउँला ।

बहालमा रहेको भौतिक संरचनाको विवरण				**बहालमा वस्नेको नाम**	**बहालमा वस्नेको व्यवसाय**	**मासिक बहाल रकम**	**सम्झौता अवधि**		**कैफियत**
वडा नं.	**सडक नाम**	**घर भएको कि.नं**	**बहाल क्षेत्रफल वा कोठा संख्या**				**देखि**	**सम्म**	

कर बुझाउने तरिकाः चौमासिक/वार्षिक :......................

करदाताको विवरण :

करदाताको नामः................................
बाबुको नामः............................
बाजेको नामः................................
नागरिकता प्रमाण पत्र नं. र जारी जिल्लाः..........................
ठेगानाः..
सम्पर्क फोन :........................... मोवाईल : ....सम्झौता अनुसार बहालकर बुझाउने दायित्वबालाः

निवेदन गर्नेको नामः.......................................
ठेगानाः...
मितिः...
दस्तखतः
=======================================

बहालबालाको बिवरणः

बहालबालाको नामः
बहालको प्रयोजनः
ब्यवसाय भए नामः
ब्यवसाय दर्ता नं :

२) संलग्न गर्नुपर्ने कागजातहरु

ग) बहालमा वस्नेको नेपाली नागरिकता प्रमाणपत्र वा संस्थागत भए दर्ता प्रमाणपत्रको प्रतिलिपि-१

घ) करदाताको नेपाली नागरिकताको प्रतिलिपि, संस्थागत करदाता भए दर्ता प्रमाणपत्र तथा मुख्यव्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१

क) भौतिक सम्पत्तिको स्वामित्व देखाउने कागजातको प्रतिलिपिहरु-१ ख) बहाल सम्भौताको प्रतिलिपिहरु-१

भौतिक सम्पत्ति बहाल सम्भौता-पत्र

हामी तपसीलमा उल्लिखित दुई पक्षहरु (प्रथम पक्षः भौतिक सम्पत्ति धनी र द्वितीय पक्षः भौतिकसम्पत्ति बहालमा लिने बीच निम्न शर्त बन्देजभित्र रही भौतिक सम्पत्ति बहालमा लिने/दिने गरीकरार ऐनको परिधिभित्र रही सम्भौता गरी एक/एक प्रति लियौं/दियौं ।

(क) प्रथम पक्षको विवरण

१. नाम, थर :

२. बाबुको नाम थरः

३. बाजेको नाम थरः

४. नागरिकता प्रमाण पत्र नं.:

५. करदाता परिचय पत्र नं.:

६. ठेगानाः

७. फोन नंः. मोवाईल :

(क)बहालमा दिने भौतिक सम्पत्तिको विवरण

१. भौतिक सम्पत्तिको विवरणः

२. क्षेत्रफलः

३. कित्ता नं.:

४. घर नं.: ५. मार्गः:

६. वडा नं.:

७. हस्ताक्षरः.

(ख) द्वितीय पक्षको विवरण

१. नाम, थर :

२. बाबुको नाम थरः

३. बाजेको नाम थरः

४. नागरिकता प्रमाण पत्र नं.

५. करदाता परिचय पत्र नं.:

६. ठेगानाः

७. फोन नं.: मोवाईल :

(ख) बहालमा लिने भौतिक सम्पत्तिकोउपयोगसम्बन्धी विवरण

१. प्रयोजन (आवासीय/व्यवसायिक आदि):

२. व्यवसायको प्रकृतिः

३. व्यवसाय भए दर्ता नं.:

४. हस्ताक्षरः.

शर्त तथा वन्देजहरु

(१) बहाल सम्भौताको अवधि.........................देखि..................सम्म ।

(२) बहाल रकम रु........................ अक्षेरेपी रु. ....(मासिक/वार्षिक)............................. ।

(३) बहाल भुक्तानी तरिका.........................किस्ताको किसिम (

वार्षिक/मासिक/चौमासिक/अन्य............

(४) आवधिक बहाल वृद्धि दर ....प्रतिशत/अंक (प्रति वर्ष/महिना/अन्य)।

(५) नियमानुसार लाग्ने बहाल कर तिर्ने दायित्व प्रथम पक्ष/द्वितीय पक्षको हुनेछ।

(६) अन्य शर्तहरु दुई पक्षको सहमतीमा उल्लेख गर्न सकिने।

बहालमा लिनेको सहिछापः बहालमा दिनेको सहिछापः

अनुसूची-५

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

बहाल कर दर्ता किताव

(क) करदाता/बहालमा दिनेको विवरण

सम्पत्ति बहाल दिने करदताको नामः

दर्ता नम्बरः

स्थायी लेखा नम्बरः

ठेगानाः

जिल्लाः

वडाः सडकनामः

घर नं.:

फोन नं.: मोवाईल न..:

इमेल ठेगानाः

ख) बहालमा लिनेको विवरण

नाम, थर :

बाबुको नाम थरः

बाजेको नाम थरः

नागरिकता प्रमाण पत्र नंः

करदाता परिचय पत्र नं.:

ठेगानाः

जिल्लाः

वडाः सडकनामः

घर नं.:

(ग) बहालमा लिने भौैतिक सम्पत्तिको उपयोग सम्बन्धी विवरण

प्रयोजन (आवासीय/व्यवसायिक आदि):

व्यवसायको प्रकृतिः

व्यवसाय भए दर्ता नं.:

बहाल भुक्तानी तरिका :(

वार्षिक/मासिक/चौमासिक/अन्य ....)

आवधिक बहाल बृद्धि दर ....

नियमानुसार लाग्ने बहाल कर तिर्ने दायित्व बहालमा दिनेको

आ.व.	बहालमा दिएको भौतिक सम्पत्तिको विवरण					बहालमा बस्नेको नाम	वार्षिक। मासिक बहाल रु.	२ प्रतिशतले हुन आउने रकम रु.	सम्झौता अवधि	जरिवाना	बक्यौता रकम	जम्मा कर रकम	असुली विवरण			प्रमाणित गर्ने को दस्तखत
	वडा नं.	सडक नाम	घर नं.	कित्ता नं.	क्षेत्रफल								मिति	रसिद नं.	रकम	

बहाल दर्ता नं.: खाता पाना नं.:

अनुसुची- ६
(दफा ८६ को उपदफा सँग सम्बन्धित)

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय धनकुटा
बाहल कर पुस्तिका

जग्गा / संरचना धनीको नामः
ठेगाना(वडा नं. /टोल)
बाबु/पतिको नाम
नागरिकता नम्वरः
सडकको नामः
सम्झौता अनुसार कर बुझाउने दायित्वबालाः

बहालवालाको नामः
बहालको प्रयोजनः
ब्यापारिक प्रयोजन भए ब्यवसायको नामः
न.पा.को दर्ता नं.:
स्थायी लेखा नं.
बहाल सुरु भएको मिति :.

क.स.	बहालमा दिएको जग्गा/संरचनाको बिवरण(कि.नं/क्षेत्रफल समेत)	संरचना रहेको स्थान(सडकको नाम सहित)	भाडामा लिएको/दिएको क्षे.फ.वा कोठा संख्या	निर्धारित मासिक बहाल रकम रु.	कुल बार्षिक बहाल रकम रु.	कर बुझाएको आ.व.	बुझाएको करको अबधि	बुझाएको मिति	बुझाएको खुद कर रकम रु.	रसिद नं.	बुझिलिनेको दस्तखत

प्रमाणित गर्ने

अनुसूची – ७

(दफा ८६ को उपदफा सँग सम्बन्धित)

.........नगर कार्यपालिकाको कार्यालय

........, ...

सम्पत्ति विवरण दाखिला फाराम

श्री वडाध्यक्ष ज्यु

..........नम्वर वडा कार्यालय,

धनकुटा नगरपालिका, धनकुटा

महोदय,

यस नगरपालिकाको मिति २०......   गते प्रकाशित सूचनाअनुसार मैलेरहामीलेसम्पत्तिकरमूल्याङ्कनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छुरछौं । यस बमोजिम नगरपालिकाले सम्पत्तिकर निर्धारण गरिदिएमा मेरोरहाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झुट्टा ठहरे गाउँ/नगरपालिकाको निर्णय तथा कानुन बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

क) सम्पत्ति धनीको विवरण

१. जग्गारघरधनीको नाम र थर :

२. बाबु रपतिको नाम र थर :

३. बाजे रससुराको नाम र थर :

४. पेसा रव्यवसाय :

५. घर जग्गाधनी बसोबास गर्ने

ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण

दस्तखत :

नाम र थर :

ठेगाना :

जग्गारघरधनीको नाता :

न.पा. र गा.पा. : मितिः

वडा नं. : टोल रबस्ती रघर नं. :

टेलिफोन नं. :

इमेलः

६. सम्पत्तिधनीको पारिवारिक विवरण :

क्र. सं.परिवारका सदस्यहरूको नाम सम्पत्ति धनीको नाता

१.

२.

३.

ग) सम्पत्तिको विवरण :

१. जग्गाको विवरण :

जग्गाको विवरण				जग्गा रहेको स्थान	जग्गाजोडिएको मुख्य सडक(सडकको नाम र सडकको प्रकार)	क्षेत्र (कार्यालयले भर्ने)	जग्गाको प्रयोग	जग्गाको चलनचल्तीको मूल्य (प्रति)	कैफियत
कि.नं.	साबिक (गाविस र वडा)	हालको वडा नं.	क्षेत्रफल						

२. भौतिक संरचनाको विवरण :

संरचना रहेको कि. नं.	संरचनाको प्रकार	संरचनाको					भौतिक संरचनाको विवरण		प्रयोगकर्ता	कैफियत
		तल्ला	लम्बाई	चौडाई	क्षेत्रफल (वर्गफुट)	बनेको मिति	संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने)	संरचनाको प्रयोग (व्यार औ र संर घ)	(स्वयम्र भाडा)	(घर नं. आदिखुलाउने)

घ. कार्यालयले भर्ने :

१) करदाताबाट चुक्ता गर्नुपर्ने घरजग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेस नभएकोमा गाउँपालिका/नगरपालिकाबाट भएको प्रमाणित :

कर शीर्षक	प्रमाणित विवरण	प्रमाणित गर्नेको दस्तखत र मिति
मालपोत वा भूमिकर		
घरधुरी कर		
घरजग्गा कर (नलाग्ने वा चुक्ता)		

२) नक्सापास गरी बनाएको संरचनाको हकमा नगरपालिकाको प्राविधिकबाट भएको प्रमाणित :

संरचनाको विवरण	संरचनाबनेको मिति	वर्गफिट वा रनिङफिट	प्रमाणित गर्नेको नाम र दस्तखत

३) यस विवरणसाथ संलग्नकागजातहरू :
  क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि : छ र छैन ।
  ख) कर बुझाएको रसिदको प्रतिलिपि : छ र छैन ।
  ग) सम्पत्तिधनीउपस्थितहुननसकेमानिजले दिएको मञ्जुरीनामा : छ र छैन ।
  घ) अन्यकागजातहरू :

नगरपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरू :

क) नगरपालिकालेसम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फारामअनुसार आ–आफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी गाउँपालिका/नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदबिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र गाउँपालिका/नगरपालिकामा बुझाउनु पर्नेछ ।

ग) नगरपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा गाउँपालिका/नगरपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

घ) सम्पत्तिको विवरण सम्पत्तिधनी स्वयम्ले गाउँपालिका/नगरपालिकामा दाखिलागर्नु पर्नेछ । कुनै कारणबस धनी स्वयम् उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोल परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्तिधनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्तिधनीहरूले संयुक्तरूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) सम्पत्तिकरकालागि करदाताले गाउँपालिका/नगरपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा नगरपालिकाले सम्पत्तिको मूल्याङ्कन गर्नेछ ।

छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनःमूल्याङ्कन गरी जरिवाना सहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिवाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने रकमको प्रतिवर्ष ५०प्रतिशतले हुनआउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्बन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झुट्टा विवरण दाखिला गरेको मानीनेछ ।

विवरण दाखिला गर्नेको दस्तखत :

निर्णय नं ४

धनकुटा नगरकार्यपालिकाको २०८१ श्रावण ३२, २०८१ भाद्र ५, २०८१ असोज ३०, २०८१ कातिक २९, २०८१ मंसिर २८, २०८१ पुस ७ गते सम्पन्न कार्यपालिकाको वैठकवाट भएका निर्णय अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाडौं को रु २,३७,५३,३४२।२४ र धनकुटा नगरपालिकाको रु १,४१,०६६,२३।०७ जम्मा रु ३,७८,५९,९६५।३२ लागत साझेदारीमा निर्माण भइरहेको धनकुटा नगरपालिका-०२ मधुगंगा धार्मिक धाम संरक्षण तथा प्रवर्धन कार्यक्रम अन्तर्गत सम्झौतानुसारका (लागत अनुमानमा उल्लेख भएका) क्रियाकलापहरु सम्पन्न गरी निर्माण व्यवसायिले धनकुटा नगरपालिकालाइ बुझाइ सकेको, धनकुटा नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम पहिले नै भुक्तानी दिइ सकिएको, संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु ३४,०७,३९६।८७ रकम निकासा हुन बाँकी रहेको र त्यती नै रकम निर्माण व्यवसायीलाइ भुक्तानी गर्न बाँकी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमको अनुगमन समितिबाट अनुगमन भइ प्रतिवेदन समेत आजको बैठकमा पेश भइ छलफल हुँदा उक्त आयोजना सम्पन्न भइ मधुगंगा धार्मिक धामको संरक्षणका लागि समिति गठन गरी समितिलाइ जिम्मा लगाइ सकिएको साथै नगरपालिकाले हेरालुको समेत व्यवस्थापन गरी सकेको हुनाले मन्त्रालयबाट निक्सा हुने पर्ने रु ३४,०७,३९६।८७ रकम निकासाका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।